# अन्तिम लेखापरीक्षण प्रतिवेदन

भोटेकोशी गाउँपालिका, सिन्धुपाल्चोक

## आर्थिक वर्ष २०७६/७७

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

**(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)**

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

पत्र संख्याः २०७८/७९
च.नं   २०९

मितिः २०७८।५।४

श्री प्रमुखज्यू,
भोटेकोशी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
सन्धुपाल्चोक ।

**विषयः- <u>लेखापरीक्षण प्रतिवेदन ।</u>**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

**(इन्द्र प्रसाद आचार्य)**
**नायव महालेखापरीक्षक**

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

**२०७८ भाद्र ४ गते** **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

## Office of the Auditor General

**(बागमती र गण्डकी प्रदेश [illegible] महा-निर्देशनालय)**

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल


पत्र संख्याः२०७८।७९
च.नं २७१

मितिः २०७८।५।४

श्री प्रमुखज्यू,
भोटेकोशी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको रायः** हामीले भोटेकोशी गाँउपालिकाको २०७६।०७७ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय–व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय विवरण तयार गरेको भएतापनि सबै आर्थिक कारोबार समेटेको छैन ।

२. लेखापरीक्षणबाट रु.७ करोड १ लाख २ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.४ लाख ८८ हजार, नियमित गर्नुपर्ने रु.३१ लाख ७० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.५ करोड ९७ लाख ९९ हजार र पेश्की रु.६६ लाख ४५ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा २०७८।३।५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछर्यौभएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना २५ (पच्चीस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायीअधिकारीको जिम्मेवारी :-** आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । कार्यकारिणी, पालिका प्रमुख र प्रमुख प्रशासकिय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी :-** वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(इन्द्र प्रसाद आचार्य)
नायब महालेखापरीक्षक

# लेखापरीक्षणको अन्तिम प्रतिवेदन

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासनपद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई पर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँ पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ५ वडा, २९ जना गाउँसभा सदस्य, २७८.३१वर्ग किलोमिटर क्षेत्रफल तथा १७,१५६ जनसंख्या रहेको छ ।

**स्थानीय सञ्चितकोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाँउपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष २०७६/७७ को कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छः

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत /सोझै भुक्तानी | जम्मा |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ४२,०८,७३,४८४ | ३१,९४,७०,५५१.८९ | ० | ३१,९४,७०,५५१ |
| ११००० कर | ११ | १४,३३,३०,४८४ | ७,९२,२४,५५१.८९ | ० | ७,९२,२४,५५१.८ |
| १३००० अनुदान | | २७,७५,४३,००० | २४,०२,४६,००० | ० | २४,०२,४६,००० |
| संघीय सरकार | १२ | २३,६२,४८,००० | २१,८९,५१,००० | ० | २१,८९,५१,००० |
| प्रदेश सरकार | १२ | ४,१२,९५,००० | २,१२,९५,००० | ० | २,१२,९५,००० |
| ख. अन्य प्राप्ति | | ७,८७,२७,७२१ | ७,२७,१८,६४७ | | ७,२७,१८,६४७ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० |
| कोषहरु | | १,१५,४९,१२१ | १,०४,००,००० | ० | १,०४,००,००० |
| धरौटी | | ० | ७,०१,३१८ | ० | ७,०१,३१८ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ६,७१,७८,६०० | ६,१६,१७,३२९ | ० | ६,१६,१७,३२९ |
| भुक्तानी (ग+घ) | | ५३,९६,०१,२०५ | ४३,००,०५,६३२ | | ४३,००,०५,६३२ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ४६,०८,७३,४८४ | ३५,८३,४३,७१९ | | ३५,८३,४३,७१९ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १०,८२,९२,५०४ | ८,१३,९०,८६६.१९ | ० | ८,१३,९०,८६६. |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १२,०२,२७,९८० | ९,००,९८,९९८.८८ | ० | ९,००,९८,९९८ |
| २७००० सामाजिक सुरक्षा | १८ | २०,००,००० | २०,००,००० | ० | २०,००,००० |
| २८००० अन्य खर्च | १८ | १७,००,००० | १५,३५,९४९ | ० | १५,३५,९४९ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २२,८६,५३,००० | १८,३३,१७,९०५ | ० | १८,३३,१७,९०५ |
| घ. अन्य भूक्तानी | | ७,८७,२७,७२१ | ७,१६,६१,९१३ | | ७,१६,६१,९१३ |
| कोषहरु | | १,१५,४९,१२१ | १,०१,१९,३८९ | ० | १,०१,१९,३८९ |
| धरौटी | | ० | ९६,१४० | ० | ९६,१४० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ६,७१,७८,६०० | ६,१६,१७,३२९ | ० | ६,१६,१७,३२९ |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (१,७०,९४५) | | (१,७०,९४५) |
| ङ. यो वर्षको बचत (न्युन) | | (४,००,००,०००) | (३,७८,१६,४३३) | | (३,७८,१६,४३३) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ६,०१,४४,७२५ | | ६,०१,४४,७२५ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (४,००,००,०००) | २,२३,२८,२९१.४७ | | २,२३,२८,२९१.४ |

| शीर्षक विभिन्न | कार्यालयको नाम भोटेकोशी गाँउपालिका | आ व २०७६।७७ |
|---|---|---|

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा गाँउपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाँउपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । | |
| २. | **स्वीकृत ढाँचा** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस गाँउपालिकाले २०७६.२.१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेता पनि सबै आर्थिक कारोबारलाई समेट्न सकेको देखिएन। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन। | |
| २.१. | **जिम्मेवारी** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार गत वर्षको अन्त्यमा रु. ८ करोड ६३ लाख ९० हजार मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. ६ करोड ०१ लाख ४४ हजार जिम्मेवारी सारी रु. २ करोड ६२ लाख ४६ हजार घटी जिम्मेवारी सारेको देखियो। बैक रिकन्सिलिएशन तयार गरी यथार्थ मौज्दात जिम्मेवारी सारी आर्थिक विवरण यथार्थपरक वनाउनुपर्ने रु। | २६२४६००० |
| २.२. | **बैंक हिसाब मिलानः** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा बैंक हिसाब मिलान विवरण तयार गरेको छ। सो अनुसार निम्नानुसार फरक पर्न गएको देखिन्छ . बैंक स्टेटमेन्ट जम्मा हुन बाँकीको विवरण पेश गरेको छैन । उक्त विवरण पेश हुनुपर्दछ । | |

| स्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | जम्मा हुन बाँकी | साट्न बाँकी | फरक कारण |
|---|---|---|---|---|
| २२३२८२९१ | ६९९३७१२.०५ | ०.०० | ०.०० | सुत्रमा सबै आइटम समाबेश नभएको कारण फरक परेको |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• गाँउपालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• गाँउपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाँउपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाँउपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।<br>• गाँउपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• जिन्सी व्यवस्थापन गर्न सफ्टवयर लागु गर्नुपर्नेमा हाल सम्म पनि उक्त कार्य गरेको देखिएन । | |

- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी गाँउपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको पाइएन ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन ।
- कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ८ अनुसार खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार गाँउपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।
- सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा पूर्ण रुपमा पालना भएको पाईएन।
- वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन ।
- गाँउपालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक स्थायी प्राविधिक कर्मचारीको अभाव रहेको पाईयो ।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।
- निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।
- निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो ।
- मन्त्रालयको मिति २०७३.१२.२५ को परिपत्र अनुसार यस गाँउपालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।

तसर्थ गाँउपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

## बजेट तथा कार्यक्रम

४. **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले २०७६/३/११ मा नीति तथा कार्यक्रम र बजेट पेश भई रु. ४५ करोड ६१ लाख ७५ हजारको बजेट मिति २०७६।३।२४ पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले २०७६/४/१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।

५. **बजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपूरकता मिलाउने व्यवस्था छ । योजना छनौट एवं सञ्चालन गर्दा संघीय सरकार, प्रदेश सरकार अन्तर्गतका निकायबाट सञ्चालित योजना र गाँउपालिकाबाट सञ्चालित योजनाबीच दोहोरोपना हुन नदिन आवश्यक समन्वय सहयोगको प्रणाली स्थापित गरी कार्य गर्नुपर्नेमा सो भए गरेको देखिएन । यस वर्ष गाँउसभाबाट स्वीकृत भई बजेट विनियोजन भएका कतिपय योजनामा प्रदेश तथा केन्द्रीय वजेटवाट र कतिपय कार्यक्रममा गाँउपालिकावाट समेत थप बजेट छुट्याएको देखिएबाट योजनामा बजेट दोहोरो परेको अवस्था छ । एउटै योजना तथा कार्यक्रम दोहोरो तथा तेहोरो रुपमा सञ्चालन नगरी बजेट एकै ठाउँबाट सञ्चालन गर्ने व्यवस्थाको लागि विगतको समेत अभिलेख अद्यावधिक हुन जरुरी देखिएको छ ।

६. **वित्तीय प्रगतिको स्थितिः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका गाँउस्तरीय तथा वडास्तरीय आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची—२ बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । बजेटमा भएको व्यवस्था अनुरुप कार्यक्रम, कार्य लक्ष्य र समयवीच तादाम्यता मिलाई वित्तीय र भौतिक प्रगति समेत देखिने गरि प्रगति विवरण तयार गर्नुपर्दछ ।

७. **क्षेत्रगत वजेट** गाँउपालिकाको क्षेत्रगत रुपमा कुल बजेट ४६ करोड ०८ लाख ७३ हजार र खर्च ३५ करोड ८३ लाख ४३ हजार को आधारमा समग्र रुपमा ७७.७५ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेट खर्च प्रगति निम्नानुसार रहेको छ ।

| क स | क्षेत्रगत बजेट | बजेट | रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १. | आर्थिक विकास | १६५२८५४७ | ११५९५८२७ | ३ |
| २. | सामाजिम विकास | १४९०२९६२३ | १२४०३८७४६ | ३५ |
| ३. | पूर्वाधार विकास | २०४७८९००० | १६२९९२०६८ | ४५ |
| ४. | सुशासन विकास | १६००० | ३२०० | ० |
| ५. | कार्यालय संचालन तथा प्रशासनिक | ९०५१०३१४ | ५९७१३८७६ | १७ |
| | जम्मा | ४६०८७३४८४ | ३५८३४३७१७ | १०० |

उपर्युक्त विवरण अनुसार गाउँसभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी पूर्वाधार विकासमा ४५ प्रतिशत, सामाजिक विकासमा ३५ प्रतिशत र सस्थागत विकास तथा सुशासनमा ०.००२ प्रतिशत रहेको छ । आर्थिक विकास तर्फ ३ प्रतिशत मात्र रहेको देखियो ।अतः संस्थागत विकास र सुशासनको क्षेत्रमा बजेट विनियोजन गरी सो क्षेत्रमा सुधार गर्नुपर्ने देखियो ।

८. **चौमासिक पूँजीगत खर्चः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुचि ३ बमोजिम चौमासिक प्रगति विवरण वनाई तालुक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप चौमासिक व्यवस्थापन गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

रु हजारमा

| सि.नं. | खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | | | | अषाढमा खर्च | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | प्रतिशत | दोस्रो चौमासिक | प्रतिशत | तेस्रो चौमासिक | प्रतिशत | | |
| १ | पूजिगत | १८३३१७ | ३६९२ | २ | ५५७५६ | ३० | १२३८६९ | ६८ | १००३८४ | ५५ |

प्रस्तुत विवरण अनुसार कार्यालयबाट तेस्रो चौमासिकमा ६८ प्रतिशत र आषाढ महिनामा मात्र ५५ प्रतिशत खर्च भएको छ । तेस्रो चौमासिक तथा आषाढ महिनामा बढी खर्च गर्दा वित्तिय जोखिमका क्षेत्रहरु बढ्न सक्ने, अनुगमन र गुणस्तर नियन्त्रणमा कठीनाई हुने तथा कामको गुणस्तरमा समेत नकारात्मक प्रभाव पर्न सक्ने देखिएकाले यस्तो अवस्थामा सुधार गरी खर्च प्रणालीलाई तोकिए बमोजिम व्यवस्थित बनाउनु पर्दछ ।

९. **प्रतिष्पर्धाको स्थिति :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम खरिद प्रकृया पारदर्शि तथा मितव्ययी हुनुपर्ने व्यवस्था रहेको छ । गाँउपालिकाले यस आ.व. मा सम्झौता गरेका केहि योजनामा न्यूनमात्रामा घटी भइ सीमित प्रतिष्पर्धि सँग खरिद सम्झौता भएको हुदा खरिद प्रकृया प्रतिष्पर्धि भए/नभएको एकिन गर्न सकिएन । जसको केहि उदाहरण निम्नानुसार रहेको छ ।

| योजनाको नाम | लागत अनुमान | सम्झौता रकम | हालको अवस्था |
|---|---|---|---|
| हिन्दी नारायणथान सडक वडा नै नं ४ | ४८१२८२७ | ४८०१५९२ | अवरोध भएको |
| गोल्छी खानेपानी | २५००००० | २२६९४१० | कार्य नभएको |
| कोदारी नादुङ भैरवकुण्ड सडक २ | ८०००००० | ७९९९८०३ | |
| श्री पन्चकन्या आ वि घेरावार निर्माण | २४१६२२० | २४१६२२० | सम्पन्न |
| सेतीदेवी आ.वि. खेलमैदान काङ्गलाङ्ग | ४८४२८७१ | ४७९६३८९ | सम्पन्न |
| काडलाङ्ग सामुदायिक स्वास्थ्य इकाई भवन निर्माण | ९९१८१५८ | ९७५६०६३ | सम्पन्न |

९.१. हिन्दी नारायणथान सडक वडा नं ४ को योजना लाई अवरोध भएको भनी निर्माण भएको छैन । अत : अवरोधको समाधान गरी निर्माण कार्यलाई यथाश्रिर सम्पन्न गर्नुपर्दछ ।

९.२. गोल्छा खानेपानी आयोजना सम्झौता भएको लामो समय सम्म पनि कार्य भएको छैन । कार्यालयले ठेकेदारको कारण कार्य सम्पन्न नभएको जनाएको छ ।निर्माण व्यवसायीलाई जिम्मेवार बनाई समयमै कार्य सम्पन्न गर्नुपर्दछ ।

१०. **योजना छनौट र संचालनः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतीका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । गाँउपालिकाको विनियोजन ऐन बमोजिम स्वीकृत भएका कुल १४६ योजनाहरुमध्ये ८३ वटा योजना रु. ५ लाख भन्दा कम, ४८ वटा रु.५ लाख भन्दा माथीको बजेटमा संचालन भएको देखियो । गाँउपालिकाले साना तथा टुक्रे योजना संचालन गरेकोले ऐनको दफा २४ अनुसार प्राथमिकिकरण गरेको पाइएन ।साथै गाँउपालिकाले पूर्वाधार नीति अन्तर्गत सके सम्म कम योजना छनौट गरी रु. ५ लाख भन्दा बढीका योजना छनौट गर्ने कार्य थालनी गर्ने उल्लेख भएकोमा सो को पालना भएको देखिएन । गाँउपालिकाले मध्यम तथा दिर्घकालिन योजना छनौट तथा प्राथमिकिकरण गरी सहभागितामूलक, उत्पादनमूलक, दीगो र प्रतिफल प्राप्त गर्ने गरी योजना संचालन हुनु पर्दछ ।

| | | |
|---|---|---|
| ११. | **लक्ष्य प्रगतिः** गाँउपालिकाले यसवर्ष १४६ योजना संचालन गरेको प्रगति पेश गरेको छ सो मध्ये ८ वटा योजना ठेक्काद्धारा र बाँकी १३८ योजना उपभोक्ता समिति मार्फत भएको देखिन्छ। गाँउपालिकाले सञ्चालन गरेका योजनाको किसिम, योजना संख्या, उक्त योजनाहरुको लागत अनुमान आर्थिक वर्षभित्र सम्पन्न कामको मूल्याङ्कन स्थिति एवं सम्पन्न अवस्था र चालु अवस्था सम्बन्धी विवरण पेश नगरेकोले योजनागत प्रगति सम्बन्धी विश्लेषण गर्न सकिएन ।अतः छनौट भएका योजनाको किसिम, संख्या, लागत अनुमान, सञ्चालित योजना संख्या, सम्झौता रकम, सम्पन्न संख्या, सम्पन्न रकम, सञ्चालन हुन नसकेका योजना र सञ्चालन हुन नसकेका योजनाको बजेट रकम सम्बन्धी विवरण अद्यावधिक गरी योजना सञ्चालन प्रक्रिया पारदर्शी बनाउनु पर्दछ । | |
| १२. | **लागत सहभागिता :-** गाउँपालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने व्यवस्था गरिएको छ । गाउँपालिकाले उक्त व्यवस्था अनुसार विभिन्न आयोजना/कार्यक्रम सञ्चालन गर्ने क्रममा सार्वजनिक खरिद नियमावलीको व्यवस्था अनुसार नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिएको पाइएन । कार्यालयले यस वर्ष विभिन्न १४६ वटा विकास निर्माण तथा पूर्वाधार योजनामा संचालन गरेको भए तापनि ती कुनै पनि आयोजनाका उपभोक्ता समितिबाट नगद सहभागिता व्यहोरेको पाइएन । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| १३. | **मर्मत सम्भार कोष :-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था रहेको छ । साथै गाउँपालिकाले विभिन्न आयोजना/कार्यक्रम सञ्चालन गर्न सम्बन्धित उपभोक्ता समितिसँग गरेको सम्झौताको शर्तमा मर्मत सम्भारको जिम्मा सम्बन्धित उपभोक्ता समितिको हुने उल्लेख भए÷नभएकोले सम्पन्न आयोजना मर्मत सम्भारका लागि उपभोक्ता समितिहरुले मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन । अतः निर्मित आयोजनाहरुको सु—सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ । | |
| १४. | **सेवा प्रवाहः** गाउँपालिकाले यस वर्ष सम्पादन गरेको सेवा प्रवाहको स्थिती झल्कने गरी प्रगति विवरण तयार गरी पेश नगरेकोले सम्पादित सेवाको वास्तविक विवरण प्राप्त गर्न सकिएन । लेखापरीक्षणको क्रममा कार्यालयबाट प्राप्त जानकारी अनुसार यस वर्ष गाउँपालिकाबाट निम्नअनुसार सेवा प्रवाह भएको देखिन्छ ।गाउपालिकाले नक्सापासको नियम अगाडि आर्थिक वर्षबाट लागू गरिने उल्लेख गरेकोमा सो कार्यान्वयनमा जोड दिनुपर्ने देखियो । | |

| क.स | विवरण | सख्या |
|---|---|---|
| १. | नागरिकता सिफरिस | ३७८ |
| २. | घरबाटो सिफारिस | २८ |
| ३. | नाता प्रमाणित | १९० |
| ४. | जन्म तथा मृत्यु दर्ता | ३३५ |
| ५. | अन्य | ६२७ |

| | | |
|---|---|---|
| | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |
| १५. | **कर्मचारी करारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी | |

| | | |
|---|---|---|
| | दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर गाँउपालिकाले ६३ जना कर्मचारीहरु करारमा राखेको देखिन्छ ।<br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम गाँउपालिकाले गाँउ प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न इन्जिनियर, सब इन्जिनियर, स्वास्थ्य कर्मचारी लगायत १७ जना करारमा कर्मचारी नियुक्ती गरी रु. ५८१५५८१.०० खर्च लेखेको छ । | |
| १६. | **उपदान कोष** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१.१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारी निजको सेवा शर्त सम्वन्धी कानून बमोजिम अवकास हुदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण औषधि लगायतका सुविधा उपलव्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ । उक्त ऐन को दफा ९१.२ अनुसार आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ प्रचलनमा आए पनि हालसम्म पनि ८ जना कार्यरत स्थानीय स्थायी कर्मचारीको एकमुष्ट मासिक तलब भत्ता रु. २६५४३८ को १० प्रतिशत रु.२६५३४.८ मासिक रुपमा कट्टी गरी अवकास कोषमा जम्मा गरेको देखिएन। विभिन्न पदमा कार्यरत ८ कर्मचारीको उल्लेखित ऐन अनुसार २०७४ कार्तिक देखि २०७७ आषाढ सम्म ३२ महिनाको तलव भत्ता रु.८४९४०१.६ कट्टी गरि अवकास कोषमा जम्मा गर्नुपर्ने देखिएको छ । स्थानीय सेवा ऐन तर्जुमा भैनसकेको , साविक स्थानीय तहबाट समायोजन भएका कर्मचारीहरुको सेवा शर्त सम्वन्धी स्पष्ट कानूनी व्यवस्था नभएइसकेको कारण कट्टी नगरेको गाँउपालिकाले जनाएको छ । | |
| १७. | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । गाँउपालिकाले पेश गरेको स्वीकृत दरबन्दी र पदपुर्तिको विवरण अनुसार गाँउपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित स्थायी तर्फ १० जना र करार तर्फ २जना समेत जम्मा १२ पदमा पदपूर्ती भएको देखिन्छ । | |
| १८. | **न्याय सम्पादन :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार गाउँपालिकाको उप–प्रमुखको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ गाउँपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन अवस्था देहाय बमोजिम छ । | |

| अ.ल्या | यस वर्ष थप | जम्मा | फछ्यौट संख्या | माथिल्लो निकायमा रिफर | मौज्दात |
|---|---|---|---|---|---|
| ७ | १२ | १९ | ८ | ० | ११ |

| | | |
|---|---|---|
| | उपरोक्त विवरण अनुसार यस वर्ष दर्ता भएका १२ र गत वर्षको अ.ल्या ८ गरी जम्मा १९ विवाद मध्ये वर्ष भरि ८ वटा विवाद फछ्र्यौट भई ११ बटा विवाद निरुपण हुन वांकी देखिएकोले समयमै निरुपण तथा फछ्र्यौट गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| १९. | **कानून निर्माणको स्थितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४२ नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गाँउपालिकाले हालसम्म ७ वटा ऐन, १ वटा | |

| | | |
|---|---|---|
| | नियमावली, १३ वटा कार्यविधि तथा निर्देशिका गरी जम्मा २१ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । उक्त कानूनहरु प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| २०. | **आन्तरिक लेखापरीक्षण** :- स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । गाँउपालिकाले यस वर्षको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट एकमुष्ट रुपमा आन्तरिक लेखापरीक्षण गराएको छ । कानून बमोजिम आफ्नै आ.ले.प. शाखा गठन गरी चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| २१. | **अवण्डा रकम** :- गाउँपालिकाले यस बर्ष अध्यक्षको कोष शीर्षकमा रु. १ करोड ४० लाख अवण्डा राखी विभिन्न समयमा सडक, लागत सहभागिताको योजना, झोलुङ्गेपुल, गुम्वा मर्मत स्वास्थ्य चौकी निर्माण लगायतका सँरचना निर्माणमा रु. १ करोड ३९ लाख खर्च गरेको छ । सो खर्च रकम गाउँसभाले स्वीकृत गरेको भए तापनि यसरी अवण्डा राखी पछि कार्यपालिकाको निर्णयबाट खर्च गर्ने कार्यले बजेट अनुशासन पारदर्शिता र वित्तीय जवाफदेहितामा चुनौती सिर्जना गर्न सक्ने भएकोले अवण्डा राखी खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ । | |
| २२. | **विविध खर्चः**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले सशर्त चालु र राजश्व बाँडफाड गरी विविध शिर्षकमा रु.६ लाख ५० हजार खर्च गरेको छ । | |
| २३. | **जिन्सी व्यवस्थापनः** गाँउपालिकाले आर्थिक कार्यविधि ऐन तथा नियमावली छुट्टै तयार गरी लागू गरेको छैन ।प्रदेश आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद-६मा सरकारी सम्पत्तिको जिम्मा त्यसको लगत संरक्षण र बर बुझारथ सम्बन्धी व्यवस्था र परिच्छेद-९ मा लिलाम बिक्री सम्बन्धी व्यवस्था रहेको छ ।गाँउपालिकालले जिन्सी निरीक्षण गरेको उल्लेख गरेतापनि प्रतिवेदन तयार गरेको देखिएन । कार्यालयमा मौज्दात रहेका लिलाम गर्नुपर्ने, मिन्हा गर्नुपर्ने, मर्मत गर्नुपर्ने जिन्सी सामानको तोकिएको समयभित्र लिलाम विक्रि तथा मर्मत संभार गर्नुपर्ने एवम् कर्मचारि सरुवा हुदा जिन्सी फरफारक गरेरमात्र रमाना दिने कार्य गरी जिन्सी व्यवस्थापन प्रभावकारी बनाउनु पर्दछ । | |
| २४. | **योजना अनुगमनः** पालिकाको बार्षिक स्वीकृत कार्यक्रम अनुसार सम्पन्न भएका योजनाहरुको अनुगमन गरी भुक्तानिका लागि सिफरिस गर्न उपाध्यक्षको संयोजकत्वमा एक समिति गठन भएको छ । उक्त समितिले यस बर्ष सम्पन्न भएका योजनाहरुको अनुगमन गर्दा अनुगमनबाट देखिएका व्यहोराहरु र तिनमा गर्नुपर्ने सुधारहरु बारेमा कुनै कुरा उल्लेख नगरी केवल भुक्तानिका लागि सिफारिस गरेको देखियो । अनुगमनबाट देखिएका कमी कमजोरी तथा सुधार गर्नुपर्ने कुराहरु स्पष्ट गरीमात्र भुक्तानिका लागि सिफारिस गर्नुपर्ने देखिन्छ । | |
| | **कर दस्तुर एवं आन्तरिक आय** | |
| २५. | **आन्तरिक आयः** स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ५४ अनुसार स्थानीय तहले आफ्नो क्षेत्र भित्र कानून अनुसार कर लगाउने तथा असुल गर्नसक्ने व्यवस्था रहेको छ। जस अनुसार गाँउपालिकाले यस वर्ष विभिन्न शिर्षकमा रु. ५६११६०.५ आम्दानी गरेको देखिन्छ। | |

| राजस्व उपशीर्षक | प्राप्त रकम रु. |
|---|---|
| व्यवसाय कर | ६७७७० |
| घर वहाल कर | ३२१६०.५ |
| कवाडी दस्तुर | १०००० |
| व्यवसाय नविकरण | २१०५० |
| ढुङ्गा गिट्टी वापत | ३१७००० |
| विभिन्न सिफारिस | १५४४० |
| बोलपत्र फारम विक्रि | ७२००० |

| | |
|---|---|
| परिक्षा शुल्क | २५७४० |
| **कुल आन्तरिक आय** | **५६११६०.५** |

आन्तरिक आय सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छन् ।

२५.१. **व्यवसाय करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाँउपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउन सक्ने व्यवस्था रहेता पनि व्यवसाय कर असुल गरेको देखिएन।

२५.२. **घर जग्गा बहाल करः** गाँउपालिकाले जारी गरेको आर्थिक ऐन २०७५ को दफा ४ अनुसार गाँउपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर पसल ग्यारेज गोदाम टहरा सेड कारखाना जग्गा वा पोखरी पूरै वा आशिंक रुपमा बहालमा दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । गाँउपालिकाले उक्त बहाल कर को क्षेत्रगत लगत नराखेकाले कुन क्षेत्रबाट कति बहाल कर उठेको हो सो रकमको एकिन गर्न सकिएन ।अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ ।

२६. **राजश्व अभिलेखः** नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचा तथा प्रदेश नं. ३ को आर्थिक ऐन २०७४ को दफा २(झ) मा वित्तिय विवरण सम्वन्धी आवस्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। गाँउपालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने राजस्वको सम्वन्धित आय शिर्षक जनाइ कम्पुटरमा अभिलेख राखेतापनि राजश्व जम्माको बैंक दाखिला भौचरको आधारमा म ले प फारम नं. २१२ राजस्व आम्दानीको दैनिक गोश्वरा खाता र मलेप फा नं २१३ को राजश्व अम्दानी बैक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन। अत नियमानुसार खाता तयार गरी राजश्व श्रेस्ता तयार गर्नुपर्दछ।

२७. **राजश्व परामर्श समितिः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा राजश्व परामर्श को लागि एक स्थानीय राजश्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ। उक्त समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्वन्धि आवस्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्वन्धमा आवस्यक परामर्श दिने राजश्वको स्रोत दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्वन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र लगायतका कार्यहरु तोकिएको छ। राजश्व परामर्श समितिको बैठक बसी नितिगत छलफल भएतापनि तथ्यगत विश्लेषण गरेको पाइएन । अत नियमानुसार आफ्नो कार्य प्रभावकारी रुपमा पुरा गर्नुपर्दछ।

२८. **गिट्टी, ढुंगा, बालुवाको करः-** स्थानीय सरकार संचालन ऐन, २०७४ को साबिक दफा ६४ को उपदफा १, १(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी बाँडफाँड हुने गरेको थियो । तर उक्त दफा संघीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरुले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने ब्यबस्था गरेको छ । यसै सम्बन्धमा बागमति प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०७६ को दफा ९ मा संघीय कानुनसंग बाझिने गरी ढुंगा, गिटी, बालुवा दहत्तर बहत्तरको शुल्क असुली र बाँडफाँड सम्बन्धी ब्यबस्था गरेको छ । बागमती प्रदेश आर्थिक ऐन २०७६ को दफा ९(५) अनुसार गिट्टी ढुंगा बालुवा वापत संकलित करको चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यसैगरी संघीय मन्त्रीपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी गिट्टी ढुंगा बालुवा बिक्रिबापतको राजस्व स्थानियले सङ्कलन गरी प्रदेश र स्थानिय तह बीच क्रमशः ४० र ६० प्रतिशत हुनेगरी बाँडफाँड गर्ने ब्यबस्था गरेको छ जुन स्थानिय सरकार सञ्चालन ऐनको दफा ६२(क) बिपरित

| | | |
|---|---|---|
| | देखिन्छ । यस गाँउपालिकाले गिट्टी ढुंगा बालुवा बिक्रिबाट यसबर्ष रु३१७००० मात्र (भ्याट सहित) राजस्व गरी सबै रकम स्थानिय संचितकोषमा जम्मा गरेको पाईयो।गिट्टी ढुंगा बालुवा बिक्रिबाट प्राप्त हुने राजस्व उत्पतीको आधार एबं सो राजस्व सङ्कलन गर्दा पर्ने बाताबरणीय असर समग्र प्रदेशसंग सम्बन्धित भएकाले राजस्व बाँडफाँड सम्बन्धी कानुन तर्जूमा गर्दा सो बिषयलाई मध्यनजर राखेर संघीय कानुनसंग नबाझिने गरी स्पष्ट कानूनी व्यवस्था गर्ने र सो को आधारमा राजश्वको दायरा बृद्धि गरी राजस्व संकलन तथा बाँडफाँड गर्नुपर्दछ। | |
| | **अनुदान फिर्ता** | |
| २९. | **शसर्त अनुदानः** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं. १०६४ मिति २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार स्थानीय तहमा हस्तान्तरण भएको सशर्त अनुदानको रकम आषाढ मसान्तसम्म खर्च हुन नसकेमा संघीय सञ्चित कोषमा तथा प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएको छ। प्रदेश श्रोत शसर्त अनुदान कुल निकासा रु.११४५०००० भएकोमा रु. ६४२०८०७ खर्च गरी रु.५०२९१९३ बाँकी रहेको छ । अतः बर्षान्तको अन्त्यमा बाँकी रहेको रकम फिर्ता गर्नुपर्ने रु. | ५०२९१९३ |
| ३०. | **संघिय सम्पुरक अनुदान :-** प्रदेश सम्पूरक कोष अन्तर्गत गाँउपालिकालाई रु. १०००००००० निकाशा भएकोमा कुनै रकम खर्च नभई बाँकी रहेको रु.१००००००० कार्यालयले बर्षान्तको अन्तमा फिर्ता पठाउनुपर्नेमा सो रकम फिर्ता पठाएको छैन । अत फिर्ता पठाउनुपर्ने रु. | १०००००० |
| ३१. | **स्थानीय पूर्वाधार सझेदारी कार्यक्रम :-** स्थानीय पूर्वाधार साझेदारी कार्यक्रम अन्तर्गत रु. ३५००००० निकासा भएकोमा रु .३१७९९०० खर्च भई बाँकी रु. ३२०१०० फिर्ता पठाउन बाँकी देखिन्छ । बर्षान्तको अन्यमा बाँकी रहेको रु. | ३२०१०० |
| | **उपभोक्ता समितिबाट कार्य** | |
| ३२. | **उपभोक्ता समितिः** गाँउपालिकाले उपभोक्ता समितिबाट गराएका काममध्ये लेखापरीक्षणको क्रममा छनौट गरी परीक्षण गर्दा सार्बजनिक खरीद ऐन,२०६३ को दफा ४४ मा उल्लेख भएका विषय स्पष्ट नगरेको , सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ विपरित जटिल प्राविधिक पक्ष समावेश हुने कार्य समेत उपभोक्ता समिति मार्फत गराउने गरेको, योजनाको भुक्तानीमा संलग्न गरिएका अधिकांश विल भरपाई प्रमाणित नगरेको, विवरण पूर्ण रुपमा नभरिएको, सहि छाप नभएको अवस्था देखिएको छ । त्यस्तै नियमावलीको नियम १२५.२ अनुसार कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने, नियम ११५.१ अनुसार गुणस्तर परीक्षण गर्ने गराउने, समितिले गरेका खर्चको अनुमोदन गरी सार्वजनिक गर्ने, सामाजिक परीक्षण गर्ने एवम् निर्माण कार्यको स्थान पहिचान हुने गरी स्पष्ट विवरण राख्ने कार्यमा सुधार गर्नुपर्ने देखिएको छ । | |
| | **गाँउपालिका पुँजिगत** | |
| ३३. | **बढी भुक्तानी :-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) जिम्मेवारी व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवस्यक विल भरपाई र संलग्न कागजात अनुसमार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ ।गाँउपालिकाले चाकू मार्मिङ्ग गल्छि मोटोरबाटो को गो भौ नं १४/०७६.८.१२ मा रु. ६६७६३७.६० को भुक्तानी गर्दा नापि किताव अनुसार ३३६.६० घ.मि. माटो कटिङ्ग कार्यमा अर्डिनरी स्वाइलको ३० %, हार्ड स्वाइलको ७०% भइ सकेपछि १०% सफ्ट स्वाइल समेत गरी ११० प्रतिशतले हुने गरी परिमाण बढी गणना गरी ३३.६६ घ.मि. सफ्ट रकको रु.१४८३ ले रु. ४९९२४.५१ बढी भुक्तानी भएको छ । अत बढी भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु. | ४९९२४.५१ |
| ३४. | **सवारी खरिद :-** अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट | |

उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गाँउपालिकाले १ थान चार पांग्रे सवारी साधन खरिदमा रु ७०६५०००.०० खर्च गरेको छ । कार्यालयले उक्त गाडि खरिदमा बोलपत्र आव्हान गरेकोमा एक मात्र वोलपत्र फारम विक्रि भई एक मात्र दाखिला भएकोमा अंक खुलेको छैन । यसरी बोलपत्रमा रकम अंक नखुलेको कारण कवोल अङ्क एंव तोकिएको स्पेसिफिकेसन अनुसार खरिद कार्य भए/नभएको एकिन गर्न सकिएन ।

३५. **एम्वुलेन्स खरिद :-** अग्नि कर्पोरेट सँग २ थान एम्वुलेन्स खरिद गरेको भनि खरिद गरेको विल संलग्न नगरी गो भौ नं. ५७/०७६.१०.१६ बाट रु. २००२६६९६.०० खर्च गरेको छ । साथै उक्त खरिद कार्यको दाखिला/प्राविधिक प्रतिवेदन समेत पेश भएको छैन । अतः विल तथा प्राविधिक प्रतिवेदन पेश गर्नुपर्ने रु. २००२६९६

३६. **पूनः प्रयोग :-** सार्वजनिक खरिद नियमावली २०६४ अनुसार निर्माण कार्य मितव्ययी हुनपर्ने व्यवस्था रहेको छ । गाउपालिकाले निम्नानुसारको निर्माण कार्य गर्दा उक्त कार्यबाट प्राप्त हुने निर्माण सामाग्रि सोही तथा अन्य योजनामा प्रयोग गर्न सकिनेमा सो को लेखाजोखा राखेको देखिएन । जस बाट निर्माण कार्य मितव्ययी भयो भन्ने आधार पेश भएन । जसका केहि उदाहरण निम्नानुसार रकेका छन् ।

| गो भौ नं र मिति | योजनाको नाम र उ.स. | कार्य | कैफियत | खर्च रकम |
|---|---|---|---|---|
| २३/०७६.९.१ | कोदारी मा वि भत्काउन उ.स. | आर सि सि र इट्टाको पर्खाल भत्काउने कार्य | फलामको डण्डि, ढुङ्गा र ईट्टा को प्रयोग | ३७४८९३ |
| २७/०७६.९.१७ | नारायणथान आ.वि. खेलमैदान निर्माण | खेल मैदान निर्माण | सि जि आई सिट उड कार्य भत्काउने | २०००० |
| ६२/०७६.१०.२० | गोरखनाथ सार्वजनिक गुम्वा निर्माण | डिसमिन्टिलिङ्ग कार्यको | ढुङ्गाको पुन प्रयोग | २०६८५ |
| | | **जम्मा** | | ४१५५७८ |

३७. **दराज खरिद :-** वि पि इन्टरप्राईजेज बनेपा ७- काभ्रेबाट विल नं ६२१ र ६२२ बाट दुईवटा दराज खरिद गरेको भनी कार्यालयले गो भौ नं ५६/०७६.१०.१५ भुक्तानी दिएको छ । माग फारम नं ३१ र जिन्सी दाखिला प्रतिवेदन ३४ अनुसार एक मात्र दराज खरिद भइ दाखिला भएको देखिन्छ ।अतः १ थानको बढि भुक्तानी भएको रकम वि पि इन्टरप्राइजेजबाट असुल गरी दाखिला गर्नुपर्ने रु. २०९०५

३८. **दर प्रयोग :-** सार्वजनिक निर्माण कार्य मितव्ययी तथा प्रभावकारी हुनुपर्ने व्यवस्था छ । गाँउपालिकाले विभिन्न निर्माण कार्यको लागि एकै थरिको कार्यको लागि कम रकम भएको नम्श प्रयोग गर्नुपर्नेमा एकै प्रकृतिको विभिन्न निर्माण कार्यको लागि सडक र भवन सम्वन्धि नर्श प्रयोग गरी कार्य गरेको कारण कारण एकै प्रकृतिको लागि फरक फरक रकम खर्च भइ योजनाको लागत बृद्धि भएको छ ।अतः मितव्ययी तथा कम दर भएको नम्श प्रयोग गरी निर्माण कार्यलाई मितव्ययी र प्रभावकारी बनाउने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

| **नम्श रु.** | | | | | |
|---|---|---|---|---|---|
| **ड्राई स्टोन सोलिङ्ग** | | **पि पि सि कार्य** | | **स्टोन मसिनरी** | |
| **रोड** | **भवन** | **रोड** | **भवन** | **रोड** | **भवन** |
| २९२५ | ५४८० | १२३०० | १२५५७ | ९४४५३७ | ११७२९ |

३९. **मू.अ.कर कट्टी** मूल्य अभिबृद्धि कर नियमावली २०५३ को नियम ६(ग) अनुसार सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संध संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु ,सेवा वा दुवै आपूर्ति गरी सो बापतको रकम सम्वन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको पचास प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्वन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नु पर्ने व्यवस्था गरेको छ । जस अनुसार कार्यालयले निम्नानुसार का आपूर्तिकर्ता सँग सम्झौता गरि खरिद गरेकोमा १७७१३५

<table>
<tr><td></td><td>खरिद बापतको रकम भुक्तानि गर्दा मूल्य अभिबृद्धि कर रकमको ५० प्रतिशत कट्टी गरी बाँकी रकममात्र सम्वन्धित आपूर्तिकर्तालाई भुक्तानी दिनुपर्नेमा सवै मूल्य अभिबृद्धि कर भुक्तानी भएको छ ।अत नियम अनुसार कट्टा गर्नुपर्ने कर कट्टा नगरी मुक्तानी भएको  मू.अ. कर रकमको कर समायोजनपत्र पेश गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td></td><td>
<table>
<tr><th>भौ. मिति</th><th>निर्माण व्यवसायी</th><th>कार्य</th><th>जम्मा भुक्तानी</th><th>मु अ कर</th></tr>
<tr><td>६५/०७६.१०.२४</td><td>आचार्य ट्रेड लिंक</td><td>पिन्टर</td><td>४९८३२८</td><td>५७३२९</td></tr>
<tr><td>१४१/०७७.२.३१</td><td>आचार्य ट्रेड लिंक</td><td>विभिन्न कार्यालय सामाग्री</td><td>४६३८५६</td><td>५३३६३</td></tr>
<tr><td>२१०/०७७.३.२४</td><td>आचार्य ट्रेड लिंक</td><td>फिल्ड सुज, ल्यापटप व्याग र कार्यालय सामान</td><td>२५६६७९</td><td>३३३६८</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१५०६३६२</td><td>१७७१३५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४०.</td><td>पाँउगुम्वा लामा घर :- पाउगुम्वा लामा बस्ने घर निर्माणको ल.ई. रु. ९९८२६१ मा रु. १००२५९४ को कार्यसम्पन्न भई गो भौ नं. ७१/०७६.११.०१ बाट रु. ९०००००.०० भुक्तानी भएको छ । जसको आइटम नम्वर ८ मा अदर म्याटिरेल एण्ड ल्यावर (other material and labour) को ७.७ क्यान्टिटि रु ५८५२ का दरले रु. ४५०४८.१८ भुक्तानी भएको छ ।सवै आइटममा भेरिययवल र मान्छे समावेश भएकोमा थप अदर(other) को आधार नदेखिएकोले सो को आधार पेश हुनुपर्ने रु.</td><td>४५०४८.१८</td></tr>
<tr><td>४०.१.</td><td>ढुवानी दर विश्लेषण :- सार्वजनिक निकायले आवस्यक कागजात र सोको आधारमा भुक्तानी दिन मनासिव ठानेमा मात्र भुक्तानि दिन पर्ने व्यवस्था रहेको छ । कार्यालयले क्रकिट बल्क ३०/१०/१५ साइजको जिल्ला दर रेट प्रति वल्क रु ३३ रहेकोमा रु. १२ दुवानी रकम थप गरी प्रति वल्क रु. ४५ का दरले भुक्तानी दिएको छ । अतः बास्तविक रुपमा ढुवानीको दर विश्लेषण नगरी भुक्तानी दिने कार्य मनासिव देखिएन ।</td><td></td></tr>
<tr><td>४१.</td><td>सफ्टवयर खरिद :- नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । गाँउपालिकाले गो भौ नं ११६, २०१ र २१८ बाट इ-विड सफ्टवयर सिष्टम, दर्ता चलानी सफ्टवयर र विविध सिफारिस सफ्टवयर  खरिद वापत प्रयोगशाला टेक्नोलोजी धरान, रक्तकालिका इन्जिनियरिङ्ग र प्रयोगशाला टेक्नोलोजिलाई क्रमश रु. ९०४००, रु ४९९५५० र रु ४९८३३० गरी कुल रु १०८८२८० भुक्तानी दिएको छ । उक्त खरिद सफ्टवयरको उपयोग र संचालन अवस्था खुल्नुपर्नेमा सो खुलेको छैन ।</td><td></td></tr>
<tr><td>४२.</td><td>पुँजिगत बजेटमा चालु प्रकृतिका खर्च – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरेको छ । गाँउपालिकाले पूजिगत कार्यक्रमबाट वडा अध्यक्ष खेलकुद प्रतियोगिता उ.स. लाइ गो भौ नं ११३/०७७.०१.२० बाट रु. ५००००० भुक्तानी दिएको छ । अतः यस प्रकार पुँजिगतखद शिर्षकबाट चालू प्रकृतिको खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४३.</td><td>अधुरो कार्य :- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२८(१) मा खरिद सम्झौतामा आपूर्तिकर्ता वा सेवा प्रदायकले खरिद सम्झौता उल्लन्धन गरेमा सार्वजनिक निकायलाई उपचार प्रदान गर्नुपर्ने व्यवस्था रहेको छ । गाँउपालिकाले चाकू नारायणघाट देउढुङ्गा मोटरबाटो निर्माण गर्न आ.ब. ०७५/०७६ मा रु १९४७८६२७ को लागत अनुमान तयार गरी निर्माण व्यवसायी श्री मार्मिङ्ग निर्माण सेवासँग रु १९२१८७९७.९० मा सम्झौता भई निर्माण कार्य सुरु भएकोमा हालसम्म रु १०२३३१५७.०० को कार्य भएको र सोही आधारमा कार्यसम्पन्न तयार गरेको देखिन्छ । यसरी तोकीएको परिमाणको कार्य नै नगरी कार्यसम्पन्न गरेको कार्य नियमसँगत देखिएन । अतः बाँकी कार्य उक्त निर्माण व्यवसायीबाटै गराउनुपर्ने देखिएको रु.</td><td>८९८५६४०</td></tr>
</table>

४४. **कार्यसम्पन्न प्रतिवेदन :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२८(१) मा खरिद सम्झौतामा आपूर्तिकर्ता वा सेवा प्रदायकले खरिद सम्झौता उल्लन्घन गरेमा सार्वजनिक निकायलाई उपचार प्रदान गर्नुपर्ने व्यवस्था रहेको छ ।गाँउपालिकाले निम्नानुसारको कार्यको निर्माए कार्य नै सम्पन्न नभइकनै कार्यसम्पन्न प्रतिवेदन तयारी गरी भुक्तानी दिएको छ । अतः बाँकी कार्य उक्त निर्माण व्यवसायीबाटै गराउनुपर्ने देखिएको रु.

| गो भौ नं र मिति | योजनाको नाम | ल ई | सम्झौता | भुक्तानी | बाँकी काम रकम |
|---|---|---|---|---|---|
| २२४/०७७.३.३० | कोदारी नादुङ्ग भैरवकुण्ड सडक स्तोन्नती कार्य | ८०००००० | ७९९९८०३ | ५३७६३७९ | २६२३४२६ |

४५. **बढी भुक्तानी :-** चाकू मार्मिङ्ग मोटरबाटो स्तरोउन्नती कार्यको लागत अनुमान रु. १११२९५९ रहेकोमा रु. १११३०८६ को कार्य भई भौ नं ९६/०७६.१२.४ बाट भुक्तानी भएकोमा १.५*१*१ को जालीको जिल्ला दर प्रति जाली रु. २०८० रहेकोमा मू.अ. कर एसेम्लिङ्ग र ढुवानी ३% समेत जम्मा रु २५३५ हुनेमा रु २९९३ करदरले भुक्तानी दिएकोले ४९ थान जालीको प्रतिजाली ३९८ का दरले बढी भुक्तानी भएको असुल गर्नुपर्ने रु. १९५०२

४६. **पालिका भवन :-** गाँउपालिका भवन निर्माणको लागत अनुमान रु ७५७१६१०८ रहेकोमा २०७७.९.२० सम्म सम्पन्न गर्ने गरी श्री सिद्धार्थ कन्सट्रक्सन प्रा.लि. चावहिल २०७६.९.२७ मा रु ५८८२२५६० को सम्झौता भएकोमा २०७७.३.२१ सम्म रु २२६७८०६३ को कार्य भइ रु ३५०००००० पेश्की कट्टा गरी भुक्तानी भएको छ । लेखापरीक्षण अवधि २०७८.१.२० सम्म पनि देखिएन । पालिकाको मुकाम (निर्माण स्थल) सम्वन्धि विवाद अदालत समक्ष पुगेकोले निर्माण कार्य तोकिएको जानीकारी प्राप्त भएतापनि सो सम्वन्धि कागजात माग गर्दा पेश नभएकोले विश्लेषण गर्न सकिएन ।

४७. **सोझै खरिद :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम  खरिद गर्न नहुने व्यवस्था रहेको छ ।पालिकाले पटक पटक गरी निम्नानुसारकव सामान क्षमादेवी प्रिन्टिङ्गबाट खुला दरभाउपत्रको माध्यम खरिद गरेको छ । आवस्यकताको आधारमा खरिद गर्नुपर्नेमा क्यालेन्डर ३५०० थान छपाईवापत रु २४६३९२ खर्च गरेकोमा २६३० थान आर्थिक वर्षको अन्त्य सम्म मौज्दात नै रहेको देखिन्छ ।

| क्र.स. | पार्टीको नाम | सामानको विवरण | रकम |
|---|---|---|---|
| १। | क्षमादेवी प्रिन्टिङ्ग | नापी किताव हाजिर बुक दर्ता चलानी बुक | १८९२७५ |
| २। | क्षमादेवी स्क्रिन प्रिन्ट | कार्यालय समान र कार्टेज | ७८१३० |
| ३। | क्षमादेवी प्रिन्टिङ्ग | फोटोकपी तथा क्यालेन्डर | २१७२४३ |
| ४। | क्षमादेवी प्रिन्टिङ्ग | क्यालेन्डर | १५६३९२ |
| | | जम्मा | ६४१०४० |

## संघिय सरकार हस्तान्तरित चालू

४८. **जोखिम भत्ता :-** कोरोना भाईरस(कोभिड-१९)को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को बुदा नै ६(२) मा कोभिड रोग रोगथाम कार्यमा संलग्न हुने जनशक्तिलाई स्थानीय तह आफैले जोखिम भत्ता उपलव्ध गराउनुपर्ने व्यवस्था गरेको छ । गाँउपालिकाले कोरोना नियन्त्रण कार्यमा संलग्न भएको भनि विधिन्न स्वास्थ्य संस्था तथा गाँउपालिकामा कार्यरत विभिन्न २१ जना स्वास्थ्य कर्मिलाई शुरु तलव स्केलको ५० प्रतिशतका दरले संघिय सरकारको हस्तान्तरित कार्यक्रम चालूको गो भौ नं ९५/०७७.३.२४ बाट रु. ८६१३६०.०० कोरोना जोखिम भत्त उपलव्ध गराएको छ । यसरी जोखिम भत्ता आदेश विपरित स्थानीय तहले आन्तरिक श्रोतबाट रकम व्यवस्थापन गरी जोखिम भत्ता उपलव्ध गराउनुपर्नेमा संघिय हस्तान्तरित बजेटबाट खर्च रु. ८६१३६०

४९. **विल भरपाई :-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्य नियमावली २०७० को नियम ३९(१०) मा कार्यालय प्रमूखले सरकारी रकम खर्च लेखु अधि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवस्यक

| | | |
|---|---|---|
| | विल भरपाई संलग्न भए/नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ ।सो व्यवस्था विपरित कार्यालयले निम्नानुसार भुक्तानीमा आवस्यक कागजात तथा विल भरपाई नपुग भएको तथा  कुनै भुक्तानी विल भरपाई नै पेश भएको छैन । अतः आवस्यक विल भरपाई पेश गर्नुपर्ने रु. | ४४०८३० |

| गो भौ नं तथा मिति | भुक्तानी पाउनेको नाम | व्यहोरा | रकम |
|---|---|---|---|
| ९७/०७७.३.२५ | | रोटा खोप सुरुवात कार्यक्रम संचालन प्रतिवेदन नभएको ।साथै प्रशिक्षकको नोट नभएको । | ८४९०० |
| ९९/०७७.३.२५ | क्षमादेवी स्किन प्रिन्ट | प्रति विद्यार्थि लागतका आधारमा शिक्षण सामाग्री सिंकाई कार्यक्रममा कार्यक्रको प्रस्ताव र कार्यक्रमको खर्चफाटवारी नभएको । | ५५९३० |
| १०५/०७७.३.३० | क्षमादेवी प्रिन्ट्रङ्ग | कोभिड-१९ बाट क्षति न्यूनिकरण तथा विद्यार्थीको सिंकाई प्रर्वर्दन कार्यक्रको लागि ६०० थान पुस्कत छापेर खर्च गरेर कार्यक्रम अनुसार खर्च नभएको रु. | ३००००० |
| | | **जम्मा** | ४४०८३० |

| | | |
|---|---|---|
| ५०. | **सेनटरी प्याड खरिदः** सेनटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६ मा सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावरीका समयमा आवश्यक पर्ने महिनावरी व्यवस्थापन सामाग्री उपलव्ध गराई उनीहरुको स्वास्थ्यमा सुधार गरी सोही कारणबाट विद्यालय छाड्ने समस्या समाधान गर्न गुणस्तरीय शिक्षाको प्रत्याभुति गर्न र महिनावरी व्यवस्थापन सामाग्रीको दिगो विसर्जन तथा पुन प्रयोग गर्न सकिने सामाग्रीको प्रयोग गर्न तर्फ उत्प्रेरित  गर्ने उद्देश्य राखेर तयार गरिएको यस कार्यविधीमा विद्यालयले छात्रा विद्यार्थी लगत तयार गरी सम्वन्धीत स्थानीय तहमा लेखी पठाउने स्थानीय तहले प्राप्त संख्याको आधारमा एक महिनामा बढीमा प्रति विद्यार्थी १६ वटा सेनेटरी प्याड वितरण गर्ने गरी सम्वन्धीत विद्यालयको महिला शिक्षक वा कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी प्याड वितरण प्रकृया सुचारु गरी तेस्को भरपाई तयार गरी अर्को महिनाको ७ गते सुचना पार्टिमा विवरण टास्नु पर्ने व्यवस्था उल्लेख गरेको छ । माथी उल्लेखित आवश्यक प्रकृया पुरा नगरी गाँउपालिकाले यस वर्ष गो भौ नं १०४/०७७.३.३० बाट  रु. ६३७६६८.०० आचार्य ट्रेड लिंकलाई भुक्तानी दिइ खर्च लेखेको छ । गाँउपालिकाले यस सम्वन्धमा अनुगमन गर्नुपर्दछ । | |
| ५१. | **नाइट्रोजन खरिदः** नाईट्रजन खरिद सेक्सेड सिमेन खरिद तथा वितरण कार्यक्रम संचालन कार्यविधि २०७५ मा  गाइ पालक कृषकले सार्वजनिक निकायमा पेश गरेको निवेदनको आधारमा आवस्यक माग निर्धारण गरी सिमेन खरिद गरी आवस्यकता अनुसार सिमेनको दुरुपयोग नहुने गरी अत्यावस्यक कृषकलाई वितरण गर्नुपर्ने व्यवस्था रहेको छ । गाँउपालिकाले यस वर्ष सेक्सेड सिमेन सुरक्षामा खपत हुने नाईट्रोजन ग्याँस खरिदमा गो भौ नं ७८/०७७.२.२२ बाट रु. ४४५०००  खर्च गरेको छ । आवश्कताको पहिचान गरेर अत्यावस्यक कृषकलाई मात्र सिमेन वितरण गर्ने प्रकृया अबलम्वन गरी पशु उत्पादक्तमा बृद्धि गर्नु पर्नेमा उक्त कार्य नगरी साथै कुनै पनि विवरण नराखी सिमेन वितरण गरेको देखियो । अत सिमेन वितरण प्रकृया व्यवस्थित गर्नुपर्दछ । | |
| ५२. | **शिक्षामा पहूच सुनिश्चिता :-** गाँउपालिकाले विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालय भर्ना सिकाई निरन्तरता कार्यक्रमका लागि ९ विद्यालयलाई गो भौ नं ५३/०७६.११.२९ बाट रु. २० लाख खर्च गरेको छ । कार्यक्रमको बिस्तृत आधार र कार्यक्रम संचालनको प्रस्ताव बेगर नै खर्च लेखेको छ ।साथै उक्त कार्यक्रमको रकमबाट उक्त विद्यालयले कुन कुन कार्यको लागि खर्च गरेको हो शो को गाँउपालिकाबाट अनुगमन गरेको देखिदैन । अतः अनुगमन गरि प्रतिवेदन पेश गर्नुपर्ने रु. | २०००००० |
| ५३. | **शिक्षक विद्यार्थी अनुपात** शिक्षा नियमावली २०५९ को नियम १२ क मा सामुदायिक विद्यालयहरु एक  एक आपसमा गाभिंनको लागि उक्त नियमावलीको  नियमको ७७ बमोजिम पहाडी जिल्ला प्रति | |

कक्षा विद्यार्थी संख्या ४५ जना नभएको खण्डमा आपसमा गाभ्न सकिने व्यवस्था रहेको छ । गाँउपालिका मातहतमा रहेका ५० बटा सामुदायिक विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको हुदा नियमानुसार रहेको हुदा नियममा भएको व्यवस्था अनुसार एक आपसमा गाभि शिक्षाको गुणस्तरमा बृद्धि गराउनुपर्दछ ।

| क्र स | विद्यालयको नाम | संचालित कक्षा | विद्यार्थी संख्या | दरबन्दी संखया | शिक्षक विद्याथी अनुपात |
|---|---|---|---|---|---|
| १ | कोदारी मा.वि.भोटेकोशी | वा.वि.के-१२ | ४०१ | १६ | **२५** |
| २ | भैरवकुण्ड आ.वि. भोटेकोशी २ | वा.वि.के -५ | ३१ | २ | **१६** |
| ३ | भूमिराज आ.वि. भोटेकोशी ,३ | कक्षा १ -५ | ३९ | २ | **२०** |
| ४ | मार्मिङ मा.वि. भोटेकोशी ,५ | वा.वि.के - १० | २७० | ५ | **५४** |
| ५ | गोरखनाथ आ.वि. भोटेकोशी ,४ | कक्षा १ -३ | ३० | १ | **३०** |
| ६ | तातोपानी आ.वि. भोटेकोशी,२ | वा.वि.के - ८ | १९५ | ८ | **२४** |
| ७ | गुप्तेश्वरी आ.वि. भोटेकोशी ,३ | वा.वि.के - ६ | ११८ | ४ | **३०** |
| ८ | थापिनारायण आ.वि. भोटेकोशी ,४ | कक्षा १ - ८ | २०३ | ६ | **३४** |
| ९ | उग्रचण्डी मा.वि. भोटेकोशी ,१ | वा.वि.के. १० | १६० | ७ | **२३** |
| १० | भिमसेन मा.वि. भोटेकोशी ,५ | वा.वि.के - १० | १५४ | ७ | **२२** |
| ११ | भिर्पू मा.वि. भोटेकोशी ,४ | वा.वि.के - १२ | ५०३ | १५ | **३४** |
| १२ | सेतीदेवी प.क. आ.वि. भोटेकोशी ,४ | कक्षा १ - ५ | ३३ | २ | **१७** |
| १३ | धनेश्वरी मा.वि. भोटेकोशी ,५ | वा.वि.के - १० | ११५ | ८ | **१४** |
| १४ | गोल्वी आ.वि. भोटेकोशी ,५ | कक्षा १ - ४ | २३ | १ | **२३** |
| १५ | महाँदेव आ.वि. भोटेकोशी ,५ | कक्षा १ - ५ | ७१ | ३ | **२४** |
| १६ | सेतीदेवी आ.वि. भोटेकोशी,१ | वा.वि.के १ -८ | ११८ | ४ | **३०** |
| १७ | छ्याङसिङ आ.वि. भोटेकोशी ,१ | वा.वि.के.- ८ | ८१ | ४ | **२०** |
| १८ | हिमालय प.क. आ.वि. भोटेकोशी ,१ | वा.वि.क. - ८ | ४३ | २ | **२२** |
| १९ | कालीदेवी आ.वि. भोटेकोशी ,५ | कक्षा १ - ५ | ५६ | २ | **२८** |
| २० | गुम्वा आ.वि. भोटेकोशी ,१ | वा.वि.के - ५ | ४३ | ३ | **१४** |
| २१ | देउढुंगा आ.वि. भोटेकोशी ,५ | वा.वि.के - ४ | २० | २ | **१०** |
| २२ | सूर्योदय आ.वि. भोटेकोशी ,१ | कक्षा १ - ४ | २० | १ | **२०** |
| २३ | थामीगाउँआ.वि. भोटेकोशी ,२ | वा.वि.के ५ | ६९ | २ | **३५** |
| २४ | भैरवकुण्ड आ.वि. भोटेकोशी , ३ | वा.वि.के - ५ | २३ | १ | **२३** |
| २५ | सेतीदेवी आ.वि. भोटेकोशी,२ | वा.वि.के. - ५ | ४३ | १ | **४३** |
| २६ | भूमेश्वरी आ.वि. भोटेकोशी ,१ | कक्षा १ - ४ | ३९ | १ | **३९** |
| २७ | नारायण आ.वि. भोटेकोशी ,४ | वा.वि.के - ५ | १०१ | २ | **५१** |
| २८ | महाँकाली आ.वि. भोटेकोशी , ४ | कक्षा १ - ३ | ४४ | १ | **४४** |
| २९ | कालीदेवी आ.वि. भोटेकोशी ,१ | वा.वि.के. - ३ | २० | १ | **२०** |

५४. गाऊपालिकाले सोलार सिस्टम खरिद तथा जडान वापत सौर्य ईनर्जि प्रालि लाई भौ न। १७२०७७२३२६ बाट रु ११०६४३०। मा अग्रिम कर रु १६६५। कट्टी गरि रु ११०४७६५। भुक्तानि दिएकोमा निम्नानुसार देखियो।

५४.१. सार्बजनिक खरिद नियमावलि २०६४ को नियम १२५ अनुसार कार्य सम्पन्न प्रतिबेदन तयार नर्नु पर्ने उल्लेख छ । गाऊपालिकाले सोलार सिस्टम खरिद तथा जडानको कार्य सम्पन्न प्रतिबेदन तयार गरेको पाईएन ।अत कार्यको कार्य सम्पन्न प्रतिबेदन पेश हुनुपर्दछ रु — ११०६४३०

५४.२. आयकर ऐन २०५८ मा १.५ का दरले कर कट्टी गर्नु पर्ने उल्लेख छ ।कुल भुक्तानि रु११०६४३०। मा १.५ का दरले कर वापत रु १६३९७। कट्टी गर्नु पर्नेमा रु १६३५। मात्र कर कट्टी गरेको छ । कर वापत कम कट्टी भएको रकम असुल हुनु पर्दछ रु — १४७४४

५५. कृष्ण ग्रिल तथा ईञ्जिनियरिङ वर्कस प्रा लि लाई भौ न १९ २०७७ ३ १२ बाट रु २९८५१९१। भुक्तानि दिएकोमा निम्नानुसार देखियो।

५५.१. कार्पिसे खोला झोलुङ्गे पुलका लागि १४ थरी सामान खरिद वापत रु १२९२१०४ र घट्टे खोला झोलुङ्गे पुलका लागि १३ थरी सामान खरिद वापत रु १३४५६०५। गरी रु २६३७७०९। का

| | | |
|---|---|---|
| | सामान उपभोक्ता समितिलाई हस्तान्तरण गरको छ । हस्तान्तरण गरका सामानहरु सम्बन्धित पुलमा प्रयोग भएको नापी किताब लेखापरीक्षणको क्रममा पेश भएको छैन । अत सामान प्रयोग भयको नापी किताब पेश हुनु पर्दछ रु | २६३७७०९ |
| ५५.२. | उक्त सामानहरु आपुर्ति गर्न मिति २०७६।७।२९ मा संझौता भएको र संझौतामा मिति २०७६।१०।१३ सम्म आपुर्ति गर्नुपर्ने उल्लेख छ । बिभिन्न कारणले सामान आपुर्ति हुन नसकेको भनि २०७६ चैत्र मसान्त सम्म म्याद थप भएको छ । फर्मले २०७७।३।८ मा मात्र सामान आपुर्ति गरेको छ ।म्याद थप भन्दा ६८ दिन ढिलो सामान आपुर्ति गरेको छ ।सार्वजनिक खरिद नियमावलि २०६४ अनुसार संझौता भन्दा ढिलो काम सम्पन्न गरेमा दैनिक ।०५ प्रितशतका दरले जरिवाना असुल गर्नु पर्नेमा जरिवाना असुल गरेको छैन । अतः जरिवाना बापपतको रकम असुल हुनु पर्दछ रु | ८९६८२। |
| | **गाँउपालिका चालू(शिक्षा)** | |
| ५६. | **कोचिङ्ग कक्षा :-** गाँउपालिकाले कोचिङ्ग टिउसन भनी विभिन्न ६ वटा विद्यालयलाई प्रति विद्यालय रु. १२५००० का दरले गो भो नं २/०७६.६.१२ बाट रु ७५०००० को पहिलो किस्ता वापत रु. २४६००० भुक्तानी दिएको छ ।कोचिङ्ग कक्षा संचालन गरेको प्रमाण र आधार पेश गर्नुपर्ने रु. | २४६००० |
| ५७. | **कार्यक्रम :-** दलित बाल बालिकाको लागि शैक्षिक सामाग्री वितरण गरेको भनि गाँउपालिकाले क्षमादेवी ट्रेडिङ्ग प्रिन्टर्सको कपि, कलम र ज्यामितिको विलको आधारमा गो भौ नं २५/०७७.३.१७ बाट रु. ४८३९७३.०० खर्च लेखेको छ । विद्यालयको प्रस्तावको आधारमा दलित विद्यार्थीको आवस्यकताको आधारमा सामान वितरण गरी खर्च गर्नुपर्नेमा विद्यार्थीले बुझेको भरपाई बेगर खर्च गरी अनियमित भएको रु. | ४८३९७३.०० |
| | **गाँउपालिका चालु** | |
| ५८. | **प्रशासनिक कर्मचारीलाई भत्ताः** कोरोना भाइरसको संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश २०७७ को बुदा नं. ३ मा स्थानीय तहमा कोरोना उपचारमा संलग्न कर्मचारी तथा अन्य जनशक्ति व्यवस्थापनमा संलग्न कर्मचारी तथा कोरना नियन्त्रण कार्यको अनुगमन मूल्याङ्कन तथा व्यवस्थापनमा संलग्न कर्मचारीलाई सो कार्यमा खटाएको प्रमाण वा खटिएको स्थानमा कार्य गरको प्रमाणित हाजिरी पेश भएको खण्डमा शुरु तलव स्केलको ५० प्रतिशत सम्म जोखिम भत्ता दिन सक्ने व्यवस्था रहेको मा सो कार्यमा संलग्न भएको भनि विभिन्न पदका प्रशासनिक शाखामा कार्यरत कर्मचारी उक्त माथी उल्लेखित कार्यमा सरिक भएको भनि ३८ जना कर्मचारीलाई कर बाहेक रु.१२५६२६०खर्च लेखेको छ । उपरोक्त कार्यमा खटिएको प्रमाण र प्रमाणित हाजिरी पेश हुनुपर्ने रु. | १२५६२६० |
| ५९. | **कर्मचारी प्रोत्साहन भत्ता :-** कार्यालयले प्रोत्साहन भत्ता प्रदान गर्दा कार्यसम्पादन मूल्याङ्गनको आधार वा अतिरिक्त समय काम गरेको आधारमा प्रदान गर्नुपर्नेमा सो व्यवस्था विपरित गाँउपालिकाले कार्यालय उपस्थितिको आधारमा गो भौ नं ३०८/०७७.३.२४ बाट रु. ४२७६९५.०० प्रोत्साहन भत्ता उपलव्ध गराएको खण्डमा निम्नानुसारको कर्मचारीको निम्न व्यहोरा देखियो ।अतः कार्यालयमा उपस्थिति नै नभइ प्राप्त गरेको प्रोत्साहन भत्ता असुल गरी दाखिला गर्नुपर्ने रु. | ८३६०६ |

| कर्मचारीको नाम | प्रोत्साहन भत्ता बुझेको महिना | प्रोत्साहन भत्ता | अनुपस्थिति भएको दिन | अनुपस्थित दिनको भत्ता |
|---|---|---|---|---|
| मोहन प्रसाद निरौला | जेष्ठ | १०७९७ | ८ | २८८० |
| नवराज गिरि | बैशाख र अषाढ | २२२७२ | बैशाखमा ६ दिन र अषाढमा १३ गरी जम्मा १९ दिन | ७१९५ |
| तेज प्रसाद ढकाल | बैशाख | ११३६१ | १४ दिन अनुपस्थिति | ५३०१ |
| नइन्द्र तामाङ्ग | बैशाख देखि अषाढ | ३२३९१ | २६ दिनमात्र हिजिरि | १०००० |
| केशव राज ढुंगाना | बैशाख देखि आषाद ३ महिना | २१५९४ | २ महिना विदा | १०७९७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पुन्य प्रसाद पराजुली | २ महिनाको प्रोत्साह भत्ता | १६९२० | ३० दिन अनुपसथिति र काज | ५४०० | |
| | बादिल लामा | २ महिनाको प्रोत्साह भत्ता | १६९२० | ३३ दिन विदा तथा काज | ६२०० | |
| | रोहन खत्रिवडा | ४ महिनाको प्रोत्साहन भत्ता | ३१९३२ | ३९ दिन अनुपस्थिति | ७५०० | |
| | नवराज शाख | ३ महिनाको | १९८०९ | अषादमा अनुपस्थिति | ६३३३ | |
| | ज्योति प्रधान | ३ महिना | २९२२० | २ महिनाको हाजिरी नभएको | ९००० | |
| | सम्झना कार्की | ३ | ३९९१५ | बैशाख र जेष्ठ गरी ३३ दिन हाजिरी नभएको | ८००० | |
| | श्रृजना पौडेल | ३ | २९२२० | बैशाख ६ देखि २० सम्म हाजिरी नभएको | ५००० | |
| | **जम्मा** | | | | ८३६०६ | |

६०. **सोझै खरिद :-** सार्वजनिक खरिद नियमावली २०६४ नियम ३१(१) अनुसार सार्वजनिक निकायले बीस लाख भन्दा बढी लागत अनुमान भएको मालसामान खरीद गर्दा वोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने उल्लेख छ । गाँउपालिकाले निम्न भौ नं/मितिबाट फर्निचर कार्यालय सामान सिधै खरिद गरेको छ । नियममा व्यवस्था भए बमोजिम खरिद प्रकृया अपनाई मालसामान खरिद गर्नुपर्दछ ।

| भौ न मिति | विवरण | रकम |
|---|---|---|
| ३४ /२०७६. ६. १५ | कार्यालयको सामाग्री | ५०३१५३ |
| ६० /२०७६ .७. २२ | कार्यालयको सामाग्री | १३६८३९ |
| ७७ /२०७६. ८ .६ | कार्यालयको सामाग्री | १९७७२९ |
| ९० /२०७६. ८. १३ | कार्यालयको सामाग्री | ३१३७१७ |
| ९३ /२०७६. ८. १९ | कार्यालयको सामाग्री | १८०४६१ |
| १४२/ २०७६. १० १ | कार्यालयको सामाग्री | ३२०७२१ |
| १५०/ २०७६. १२.१३ | कार्यालयको सामाग्री | १२८५१५ |
| २०६ /२०७७ .३. २१ | कार्यालयको सामाग्री | ३२३२८७ |
| | जम्मा | २१०४४२२ |

६१. **महोत्सव खर्च :-** स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर गाउँपालिकाले यस वर्ष उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा गो भौ नं ११,२० र ३४ बाट रु.७९००२२.०० खर्च लेखेको छ ।

६२. **जिन्सी दाखिला :-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्वय नियमावलि २०७० को नियम ९५(१) मा कार्यालय प्रमूखले कुनै पनि खरिद गरेको वा कुनै प्रकारको हस्तान्तरण भई प्राप्त भएको सम्पति तथा मालसमानको विवरण तथा मूल्य समेत खुलाई सम्पति तथा जिन्सी किताबमा ७ दिन भित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नु गराउनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले खरिद गरेको वा हस्तान्तरण भइ प्राप्त हुन साउण्ड सिस्टम जडानको २४ थरीको सामानको लागि गो भौ नं ९१।०७६।८।१३ बाट रु २१६९०० खर्च लेखेको छ । खरिद भएका सम्पति तथा मालसामाको नियमानुसार जिन्सी दाखिला गरी लगत अद्यावधिक गरेको देखिएन ।अतः जिन्सी दाखिलाको प्रमाण पेश गर्नुपर्ने रु. २१६९००

६३. **अन्य निकायको भुक्तानि :-** गाऊपालिकाले निम्न भौ.न र मितिमा निम्नानुसार शुरक्षा निकायका मोटर मर्मत वापत रु. १९०२२६.०० खर्च लेखेको छ ।गाँऊपालिका भन्दा अन्य निकायको मोटर मर्मत वापत भुक्तानि खर्च लेखेको अनियमित रु

| भौ न/ मिति | ब्यहोरा | रकम |
|---|---|---|
| ९४/२०७६/८/१७ | २२ नं गुल्मको ना १ झ १५३५ न मोटर मर्मत वापत | ५००००। |
| १०५/२०७६/८/२५ | सिमा चौकि कोदारीको बा १ झ ८०५६ न मोटर मर्मत वापत | ५००००। |
| १११/२०७६/९/२ | बा २ ब ६०६१ न को मोटर साईकल मर्मत | २७४००। |
| १५३/२०७६/१०/१३ | २२ नं गुल्मको ना १ झ १५३५ न मोटर मर्मत वापत | ६२८२६। |
| | **जम्मा** | १९०२२६। |

६४. **विल भरपाई :-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्य नियमावली २०७० को नियम ३९(१०) मा कार्यालय प्रमूखले सरकारी रकम खर्च लेखु अधि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवस्यक विल भरपाई संलग्न भए/नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ ।सो व्यवस्था विपरित कार्यालयले निम्नानुसार भुक्तानीमा आवस्यक कागजात तथा विल भरपाई नपुग भएको तथा कुनै भुक्तानी विल भरपाई नै पेश भएको छैन । अतः आवस्यक विल भरपाई पेश गर्नुपर्ने रु. २१४५०४०

| गो भौ नं तथा मिति | भुक्तानी पाउनेको नाम | व्यहोरा | रकम |
|---|---|---|---|
| १६३/०७६.१०.२१ | हिसि पोलिथिन एण्ड पलाष्टिक इन्डष्ट्रिज | एच डि डि पाईप खरिद गरेकोमा योजनामा प्रयोग गरेको नापी किताव पेश नभएको | ४९९९०० |
| | | विषद व्यवस्थापनको लागि सामान ढुवानी वापत भुक्तानी भएकोमा प्रमाण पेश नभएको | २५००० |
| ३३०/०७७.३.३१ | ८ जना विपत प्रभावित | विपत व्यवस्थापनको लागि प्रहरी मुचुल्का बेगर २५००० का दरले भुक्तानी | २००००० |
| ३३२/०७७.३.३१ | आचार्य ट्रेड लिङ्क | ४० थान ल्यापटप व्याग वितरणको भरपाई नभएको । | २०११४० |
| ३११/०७७.३.२५ | सवल बहुउद्देशीय कृषि तथा पशुपक्षा फर्म र पाचखाल एग्रोभेट | दलित क्षमता अभिबृद्धि कार्यक्रम अन्तर्गत ४५ वटा पाठा वितरण गरेको र १२ थरिको तरकारीको विउ वितरण गरेको भरपाई नभएको । | १२१९००० |
| जम्मा | | | २१४५०४० |

६५. **७ वडा समिति बैठक** वडा समितिको बैठक भत्ता बापत प्रति बैठक रु १०००। का दरले भुक्तानि दिन पाऊने उल्लेख छ ।गाऊपालिकाले प्रति बैठक रु १५००। दरले भुक्तानि दिएको छ । नियममा पाउने भन्दा रु ५००। दरले बढि भुक्तानि दिएको छ । वडा समितिको बैठकमा ६ जना सम्म सहभागि हुनुपर्नेमा १० जना सम्म सहभागि गराई भुक्तानि दिएको छ । यस्तो कार्य नियन्त्रण हुनु पर्दछ र बढी दरले भुक्तानि भएको रकम असुल हुनुपर्दछ रु १८००००

| भौ न /मिति | वार्ड न | महिना | उपस्थिति संख्या | भुक्तानि पाउने बैठक संख्या | भुक्तानि भएको दर | भुक्तानि हुनुपर्ने दर | बढी भुक्तानि दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| २७३/०७७/३/१२ | २ | बैशाख जेष्ठ आसाढ | ८ | ७२ | १५०० | १००० | ५०० | ३६००० |
| ३१६/०७७/३/२९ | ५ | बैशाख जेठ आषाढ | ९ | ६५ | १५०० | १००० | ५०० | ३२५०० |
| | १ | बैशाख जेठ आषाढ | ९ | ८१ | १५०० | १००० | ५०० | ४०५०० |
| | ४ | बैशाख जेठ आषाढ | १० | ७० | १५०० | १००० | ५०० | ३५००० |
| | ३ | बैशाख जेठ आषाढ | ८ | ७२ | १५०० | १००० | ५०० | ३६००० |
| जम्मा | | | | | | | | १८०००० |

६६. **बैठक भत्ता :-** अर्थमन्त्रालयको कार्य संचालन निर्देशिका २०७५ को बुदा नं ७.१.१ मा बैठक भत्ता प्राप्त गर्नको लागि बैठकको स्पष्ट विषयवस्तु वा कार्ययोजना हुनुपर्ने, कार्यालय समय भन्दा अधि वा पछि हुनुपर्ने, एकै निकाय वा अन्तर्गतका पदाधिकारी मात्र उपस्थिति रहेको बैठक हुननहुने, कानून अनुसार गठित समितिको बैठक तथा आमन्त्रित रुपमा सदस्य राख्न नहुने तर विशेषज्ञता आवस्यक पर्ने बैठकमा ३ जना सम्म आमन्त्रित भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यस्तै स्थानीय सरकार संचालन ऐन २०७४ को दफा नं ७३(६) मा प्रमूख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवस्यक व्यवस्था मिलाउनुपर्ने व्यवस्था

| | | |
|---|---|---|
| | रहेको छ । गाँउपालिकाले माथि उल्लेखित निर्देशिका बमोजिम बाहेको बैठकहरुमा समेत स्थानीय सरकार संचालन ऐनको दफा बमोजिम बैठक भत्ता मितव्ययिता सम्वन्धि कुनै कानूनी व्यवस्था नगरी भत्ता वितरण गरेको हुदा यस प्रकारको बैटक भत्ता वितरण कार्यलाई नियमित मान्न सकिएन । बैठक भत्ताको सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् । | |
| ६६.१. | गाँउपालिकाले वित्तिय समानीकरण पूँजिगत शिर्षकको गो भो नं २२१ ,३४ बाट विभिन्न पदाधिकारी तथा कर्मचारीलाई बैठक भत्ता वापत रु. १९५०७५ खर्च लेखेको छ । जसले गर्दा बैठक भत्ता वितरण कार्य मितव्ययी भएको आधार पेश भएन । | |
| ६७. | **जिन्सी मौन्दात** :- न्यायिक समितिको कार्य सम्पादन जानकारि सम्बन्धि सुचना भएको २१ थान ल्फेक्स बोर्ड खरिद बापत आचार्य ट्रेड लिङ्सलाई भौ। न। ३३१/२०७७.३.३१ बाट रु ४८२९०। भुक्तानि दिएको छ । खरिद गरिएका ल्फेक्स बोर्ड लेखापरीक्षणको अबधि मिति २०७८/१/१८ सम्म कार्यालयमा मौज्दात रहेको जिन्सी किताबबाट देखिन्छ । अतः आवस्यकता पहिचान गरेरमात्र सामान खरिद गर्नुपर्ने रु. | ४८२९० |
| ६८. | **बढि भुक्तानि** :- लेखा राख्दा बिल भरपाई अनुसार राखु पर्दछ ।चौकिडाडा कोदारी गुम्बा बाटो गोरेटो बाटो निर्ममाणका लागि भौ. न. २८८/२०७७.३.१६ बाट रु ४७००९६लागत इस्टीमेट रहेकोमा पुरै रकम कार्यालयबाट भुक्तानि हुने गरी संझौता भएको छ ।उपभोक्ता समितिले कुनै अंश ब्यहोरेको छैन ।खुद काम रु ४७०२०४ भएकोमा रु ५०००००। भुक्तानि भएको छ ।काम भन्दा बढी रु २९७९६। भुक्तानि भएको छ ।बढी भुक्तानी भएको असुल हुनुपर्ने देखिएको रु | २९७९६ |
| ६९. | झिर्पु मा बि र कोदारी मा बि लाई मन्टेश्वरि कक्षा सञ्चालन बापत प्रति बिध्यालय रु १७७९०००। का दरले जम्मा रु ३५५८०००। भौ। न। ३१४२०७७२३२८ बाट भुक्तानि दिएकोमा निम्नानुसार देखियो । | |
| ६९.१. | दुबै बिध्यालयले प्रति एकले रु १७७९०००। का दरले भ्यालि एजुकेशन सिस्टम एण्ड टेक्नोलोजि प्रा लि बाट बिभिन्न सामग्रि खरिद वापत भुक्तानि दिएका छन् । सामग्रि खरिद गर्दा सार्बजनिक निकायले अपनाउनु पर्ने प्रतिस्पर्धाको बिधि अपनाएका छैनन् । | |
| ६९.२. | Full monteswary Teaching Material Charge बापत दुबै बिध्यालयले पाँच पाच लाखका दरले खरिद गरी भुक्तानि दिएका छन् । कुन कुन Teaching Material Charge कति परिमाणमा कुन दरले खरिद गरेको हो खुलेको छैन ।अत सामग्रि खरिद गरेको बिबरण र सो को जिन्सी दाखिला पेश हुनु पर्दछ रु | १०००००० |
| ६९.३. | बिध्यालयले खरिद गरेका सामानहरु बिध्यालयको जिन्सी किताबमा आम्दानि बाध्नु पर्नेमा आम्दानि बाधेको छैन ।जिन्सी सामान आम्दानि नबाध्दा सामानको उचित संरक्षण नहुन सक्दछ ।अतखरिद गरेका सामानको जिन्सी दाखिला भएको प्रमाण पेश हुनुपर्दछ रु | |

| सामानको नाम | परिमाण | झिर्पु मा बि | कोदारी मा बि | रकम |
|---|---|---|---|---|
| काठको रयाक | १० /१० वटा | ९००००० | ९००००। | १८००००। |
| कार्पेट | नखुलेको | २५०००। | २५०००। | ५००००। |
| कुशन | २० । २० वटा | १००००। | १००००। | २००००। |
| काठको जाप्निज टेबुल | ५ । ५ वटा | ४००००। | ४००००। | ८००००। |
| फोम भएको कार्पेट | नखुलेको | ३५०००। | ३५०००। | ७००००। |
| प्लास्टिक स्लाईड | नखुलेको | ७५०००। | ७५०००। | १५००००। |
| २२ feet long iron fiber glass play station outdoor | नखुलेको | २७५००० | २७५०००। | ५५००००। |
| Iron outdoor | नखुलेको | ५५०००। | ५५०००। | ११००००। |
| Phpto file | ४।४ सेट | १५०००। | १५०००। | ३००००। |
| Moteswary curriculam supply | नखुलको | ३००००० | ३०००००। | ६०००००। |
| | जम्मा | | | |

| | | |
|---|---|---|
| ६९.४. | दुई वटा बिध्यालयका ३।३ जना शिक्षकलाई १ महिना तालिम दिए वापत उक्त फर्मलाई रु १५००००। भुक्तानि दिएका छन् ।कुन कुन शिक्षकलाई तालिम दिएको हो शिक्षकको नाम र तालिम गरेको प्रमाण पत्र स्रेस्ता साथ संलग्न छैन ।तालिम प्राप्त शिक्षकको नाम र तालिम गरेको प्रमाण पत्र पेश हुनु पर्दछ रु | १५०००० |
| ७०. | **जिन्सी दाखिलाः-** तातोपानि धारालाई बाढीबाट जोगाउन डि पि आर गरे वापत भौ। न। ३२१/२०७७.३.२१ बाट रु ७२३०००। भुक्तानि दिएको छ ।डि। पि। आर। स्थायि सम्पत्तिको रुपमा खर्च नहुने जिन्सी किताबमा आम्दानि बाध्नुपर्नेमा आम्दानि बाधेको छैन ।आबश्यकता पहिचान गरी कार्यान्वनमा जाने कामको मात्र डि। पि ।आर। गर्नुपर्दछ ।लेखापरीक्षणको अबधि मिति २०७७/३/१५ सम्म कार्यान्वयनमा गएको छैन ।अत डि। पि। आर। जिन्सी किताबमा आम्दानि बाधेको प्रमाण पेश हुनु पर्दछ रु | ७२३००० |
| ७१. | **क्षमता अभिबृद्धि कार्यक्रम :-** देहाय अनुसार क्षमता अभिबृदि कार्यक्रमका लागि भौ न ३२५।२०७७।३ ।३० बाट रु ५०८६२८३। खर्च लेखेकोमा गिम्नानुसार देखियो । | |

| कार्यक्रम | रकम |
|---|---|
| अल्पसंख्यक क्षमता अभिबृदि | ४९१२६०। |
| सिमान्तकृतको क्षमता अभिबृदि | ४९३००५। |
| जेष्ठ नागरिकको क्षमता अभिबृदि | ९७४६०९। |
| अपाङ्गको क्षमता अभिबृदि | ९७४७९७। |
| बालकबलिकको क्षमता अभिबृदि | ९७०८७६। |
| जनजातिको क्षमता अभिबृदि | ९७६९२४। |
| महिलाको क्षमता अभिबृदि | २०४८१२। |
| जम्मा | ५०८६२८३। |

| | | |
|---|---|---|
| ७१.१. | सार्बजनिक खरिद नियमावलि २०६४ को नियम अनुसार बिस लाख भन्दा बढिको सामान खरिद गर्दा बोलपत्रको माध्यमबाट खरिद गर्नुमा पाँच लाख भन्दा बढिका ४ वटा कार्यक्रमको ४ वटा सिलबन्दि दरभाऊ पत्रबाट रु ३८९७२०६। को र ३ वटा दरभाऊ पत्रबाट रु ११८९०७७। बाट टुक्रा टुक्रा खरिद गरेको छ । नियममा व्यबस्था भएअनुसार खरिद कानुनको अबलम्बन गरेको छैन । | |
| ७१.२. | ६ वटा कार्यक्रमको आचार्य ट्रेड लिंकबाट र अल्पसंख्यक क्षमता अभिबृदिको रु ४९१२६०।को सामग्रि लामा ह्याण्डि क्राफ्ट बाट खरिद गरेको छ । कर वापत रु ३०३१७। र मु अ कर वापत रु ३८०९८९। गरी खुद ४६३४७७७। आचार्य ट्रेड लिंकलाई भुक्तानि दिएको छ । लामा ह्याण्डि क्राफ्ट बाट खरिद गरेको सामानको समेत आचार्य ट्रेड लिंकलाई भुक्तानि भएको छ ।लामा ह्याण्डि क्राफ्टले सामान बिक्रिको रकम बुझेको देखिएन । | |
| ७१.३. | क्षमता अभिबृदि कार्यक्रमबाट छुट्टाएको रकम सबै सामग्रि खरिदमा खर्च गरेको छ।अध्ययन अनुसन्धान गोष्ठि तालिम भ्रमण अदिमा रकम खर्च गरेको छैन । | |
| ७१.४. | प्लाष्टिक कुर्चि ६०० थान रु ४९१५५०।पोलार १९५ थान रु ३४३९६६। जेष्ठ नागरिकले टेक्ने लठ्ठि ८८० थान रु ८०३४७५। ह्विल चियर रु ७१५१८०। कम्प्युटर तिन थान रु १०२८९०। बिध्यार्थि झोला ३८१ थान रु २६४७७५। सहित ५९ किसिमका सामग्रि लेखापरीक्षणको अबधि मिति २०७८ बैशाख १५ गते सम्म भण्डार शाखामा मौज्दात रहेका छन्। सरकारी रकम खर्च गर्दा आबयकता पहिचान गरी आबश्यक कामका लागि मात्र खर्च गर्नु पर्दछ । खरिद गरी मौज्दात राखु उपयुक्त देखिएन । खरिद गरेका सामग्रि बितरण गरेको भरपाई पेश हुनु पर्दछ रु | ५०८६२८३ |
| | **कृषि तथा भेटेनरी गा.पा चालू** | |
| ७२. | **भरपाई पेश :-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३७(५) मा विल भरपाई सहित लेखा राखुपर्ने व्यवस्था रहेको छ । गाँउपालिकाले बार्षिक स्वीकृत कार्यक्रम माछा भुरा वितरण कार्यक्रम अनुसार नेपाल ट्राउट प्रोडक्सन प्रा लि मेलम्चीबाट माछाको प्रति भुरा २० का दरले १०००० को | |

| | | |
|---|---|---|
| | भुरा खरिद भौ नं ३४/०७७.३.५ बाट रु. २०००००.०० खर्च लेखेको छ । खर्च श्रेस्ता साथ दाखिला गरवेको दाखिला फारम पेश गरेतापनि सम्वन्धित माछापालक कृषकलाई वितरण गरेको भरपाई पेश भएको छैन । अतः सम्वन्धित कृषकलाई वितरण गरको भरपाई पेश गर्नुपर्ने रु. | २००००० |
| | **गा.पा चालू स्वास्थ्य** | |
| ७३. | **भरपाई :-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३७(५) मा विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । गाँउपालिकाले बार्षिक स्वीकृत कार्यक्रम गर्भवति सम्मान कार्यक्रम अनर्गत चना केराउ अण्डा घिउ गौरी प्रर्वत प्रा लि बाट गो भौ नं ४७/०७७.३.२५ बाट रु. १४९२६०.०० सामान खरिद गरी विभिन्न स्वास्थ्य चौकीमा पठाएको उल्लेख छ । सम्वन्धित स्वास्थ्य चौकिबाट सम्वन्धित सुत्केरी महिलालाई उक्त माथि उल्लेखित सामाग्री वितरण गरेको भरपाई पेश भएको छैन । अत : भरपाई पेश हुनुपर्ने रु. | १४९२६० |
| | **प्रदेश शसर्त चालू** | |
| ७४. | **पोशाक भत्ता :-** करार ऐन २०५६ अनुसार करार सम्झौतामा उल्लेख भएको शर्त बमोजिम आर्थिक लेनदेन गर्नका लागि दुवै पक्षको समान दायित्व हुने व्यवस्था रहेको छ । गाँउपालिकाले प्रदेश बजेट बाट संचालित एक विद्यालय एक नर्श कार्यक्रम मा कार्यरत नर्श श्री गोमा भट्टराई लाई कर्माचारीलाई करार सम्झौतामा उल्लेख नगरेको खर्च रु. १०००० सुविधा उपलव्ध गराएको छ । सम्झौता बेगर उपलव्ध गराएको रु | १०००० |
| | **प्रकोष तथा कोरोना नियन्त्रण कोष तर्फ** | |
| ७५. | स्थानिय तहको आफ्नै बजेटबाट बिनियोजन रु १ करोड ४ लाख र प्रदेश सरकारबाट रु. १० लाख र अन्य स्रोत बाट रु. १ लाख ४९ हजार गरी जम्मा गरी रु. १ करोड १६ लाख प्राप्त भएकोमा निम्नानुसार रु १ करोड १ लाख १६ हजार खर्च भएको छ । | |

| क सं | शिर्षक | रकम |
|---|---|---|
| १ | राहत वितरण | ५८०९००० |
| २ | क्वारेन्टाईन होल्डिन सेन्टर निर्माण | १०१२००० |
| ३ | जनशक्ती परिचालन भत्ता | ५३००० |
| ४ | औषधी एंव उपकरण | ११६९००० |
| ५ | अन्य | २०७३००० |
| | **जम्मा रकम** | **१०११६०००** |

| | | |
|---|---|---|
| ७५.१. | **सोझै खरिद** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा प्रतिष्पर्धा लाई सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था गरेको छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४.१ सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार बीस लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान निर्माण कार्य वा जुनसुकै सेवा ऐनको दफा ४० बमोजिम सिलवन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले निम्नानुसार खुल्ला दरभाउपत्र तथा सोझै खरिद विधि मार्फत औषधिजन्य सामान खरिद गरेको छ । | |

| गो भौ नं र मिति | सामानको विवरण | आपूर्तिकर्ताको नाम | रकम |
|---|---|---|---|
| १५/०७७.३.१५ | औषधि खरिद | म्याक्सिम इन्टर्नेशनल ट्रेडिङ्ग | १९६६२० |
| ७/०७७.२.६ | औषधि खरिद | सालघारी मेडिसन | ४७०६४१ |
| ४/०७७.१.२१ | औषधि खरिद | मेडिसेल्स इन्टरनेशनल | ४६८३०० |
| | | रिद्धिसिद्धि मेडिटेक इन्टरनेशनल | ३६६९४६ |
| | **जम्मा** | | **१५०२५०७** |

| | | |
|---|---|---|
| | **(क)** गो भौ नं १५/०७७.३.१५ बाट म्यमक्सिम इन्टरनेशनल ट्रेडिङ्गबाट रु. १९६६२० को विभिन्न औधधिजन्य सामाग्रि खरिद गरी रकम भुक्तानी दिएकोमा उक्त स्रेस्ता साथ सक्कल विल पेश भएको छैन । अतः सक्कल विल पेश गर्नुपर्ने रु. | १९६६२० |
| | | |

## प्रधानमन्त्री रोजगार कार्यक्रम

७६. **प्रधानमन्त्री रोजगार कार्यक्रम :-** कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार स्थानिय तहमा सूचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले यस गाउँपालिका भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत गाउँपालिका विभिन्न वडाहरुमा सडक बाटो, सडक नाला, सिंडी निर्माण मर्मत जस्ता कार्यक्रम संचालन रोजगारी उपलब्ध गराई श्रमिक ज्याला वापत रु१९९९५६२.००, निर्माण सामाग्रि खरिदमा रु. २०३८०४ र प्रशासनिक र अन्य समेत रु १४०७३२ समेत जम्मा रु २३४४०९९ खर्च लेखेको छ ।जसको ९० प्रतिशत भौतिक प्रगति भएको छ भने १०० वित्तिय प्रगति भएको छ । उक्त खर्चवाट लक्षित वर्गले अल्पकालिन रोजगारी सृजना भएतापनि उक्त खर्चवाट कामको दिगोपना तथा दिर्घकालिन रोजगारी सृर्जना भएको देखिंदैन । त्यसैले दिर्घकालिन रोजगारी सृजना हुने तथा दिगो आयोजना संचालन गर्ने तर्फ कार्यालयले ध्यान दिनु पर्ने देखिन्छ ।

## स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम

७७. **लक्ष्य प्रतगि :-** स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) नियमावली २०७६ बमोजिम कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसार २परियोजना संचालन गर्न रु ३५००००० बजेट प्राप्त भएकोमा रु.३४४५००० खर्च भई १०० प्रतिशत भौतिक प्रगति भएको छ ।

| आयोजनाको नाम | बजेट | खर्च रकम | वित्तिय प्रगति प्रतिशत | भौतिक प्रगति प्रतिशत |
|---|---|---|---|---|
| नारायणथान गाँउ प्रयर्टकिय गोरेटोबाटो निर्माण | २५००००० | २४७५००० | ९२ | १०० |
| ड्राईपोट देखि दुगुना गढी सम्म गोरेटो बाटो निरम्ण | १०००००० | ९७०००० | ८७ | १०० |
| जम्मा | ३५००००० | ३४४५००० | | |

७७.१. स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) नियमावली २०७६ को बुदा नं. ६(घ) निर्देशक समितिले छनौट गरेका आयोजना स्वीकृतीका लागि स्थानीय तहमा लेखी पठाउने र स्थानीय तहको स्वीकृती पश्यात योजना संचालन गर्नुपर्न व्यवस्था रहेता पनि यस कार्यक्रम अन्तर्गत निर्देशक समितिले सोझै योजना पठाएको देखिन्छ ।जसले स्थानीय आवस्यकताको सम्वोधन नहुनसक्ने भएकाले गाँउपालिकाले यस्ता आयोजना संचालन गर्दा नियमानुसार प्रकृया अवलम्वन गरि प्रभावकारी योजना छनौट हुने पद्धतिमा ध्यान दिनुपर्दछ ।

## प्रदेश पूर्वाधार साझेदारी कार्यक्रम

७८. **लक्ष्य प्रतगि :-** प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) नियमावली २०७६ बमोजिम कार्यान्वयन हुने प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसार परियोजना संचालन गर्न रु. १२०००००० बजेट प्राप्त भएकोमा रु.७१५०३०७ खर्च भई ५९.५ प्रतिशत वित्तिय प्रगति भएको छ । यस सम्वन्धमा निम्नानुसार व्यहोरा देखियो।

| आयोजनाको नाम | बजेट | खर्च रकम | वित्तिय प्रगति प्रतिशत | भौतिक प्रगति प्रतिशत |
|---|---|---|---|---|
| थाङ्गसिङ्ग छ्योलिङ्ग गुम्वा निर्मोण | १०००००० | ९७०००० | ८७ | १०० |
| मार्माङ्ग नागढुङ्गापदमार्ग निर्माण | १०००००० | ९७०००० | ८६ | १०० |
| काङ्गलाङ्ग सामादायिक स्वास्थ्य भवन निर्माण | १०००००००० | ५२१०३०७ | ५३.४ | नर्माणाधिन |
| जम्मा | १२०००००० | ७१५०३०७ | | |

७८.१. **म्याद थपः-** काङ्गलाङ्ग सामुदायिक स्वास्थ्य ईकाई भवनको २०७७.३.३० सम्म सम्पन्न गर्ने गरी मिति २०७७.२.२० रु. ९७५६०६३.०० सम्झौता भएको छ । जसमध्ये हालसम्म रु. ५२१०३०७ खर्च भई निर्माण सम्पन्न भएको छैन । जसको निर्माण कार्य हालसम्म पनि निरन्तर संचालन भएको अवस्थामा समेत म्याद थप भएको प्रमाण पेश भएको छैन ।

७९. **अनुगमन** प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ अनुसार अनुदानबाट संचालन हुने योजनामा उक्त योजना समापन पश्यात अनुगमन गरी त्यसको प्रभाकारिता सम्वन्धि अध्ययनन गरी प्रभाव समेत उल्लेख

गरी अनुगमन प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था गरेको छ । तर गाँउपालिकाले यस वर्ष अनुदानमा संचालित विभिन्न कार्यक्रम संचालन गरेको छ । यस प्रकारका अनुदानका कार्य विगत वर्ष पनि प्रदान गरिदै आएको अवस्थामा सो कार्यक्रम कति प्रभावकारी भयो सो समवन्धी अनुगमन गरी बास्तविक प्रतिवेदन पेश गर्नुपर्दछ । साथै सालवसाली रुपमा अनुदान अभिलेख अध्धावधिक गरी दोहोरो अनुदान बितरण हुनबाट रोक्नुपर्दछ।

**सामाजिक सुरक्षा तर्फ**

८०. **सामाजिक सुरक्षातर्फः-** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तथा भत्ता वितरण लगायत यससँग सम्बन्धित विविध व्यवस्थाहरु गरेको छ । यस वर्ष गाउँपालिकाले ५ वडाको सामाजिक सुरक्षा भत्ता वितरणका लागि रु. ५००११६००.०० निकासा प्राप्त गरेकोमा रु. ४६७७७२००.०० को भत्ता वितरण गरी बाँकी रु. ३२३४४००.०० संघिय कोषमा फिर्ता गरेको छ । सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् :-

८०.१. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । अत लाभग्राहीको विवरण अध्यावधिक गर्नुपर्दछ ।

८०.२ **बैङ्किङ सेवाको प्रयोगः-** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश, २०७४ को दफा ४३ अनुसार सामाजिक सुरक्षा भत्ता वापतको रकम बैंकबाट वितरण गर्ने व्यवस्था मिलाईने र यस प्रयोजनको लागी अर्थ मन्त्रालयको सहमतिमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले कुनै स्थानीय तहको लागी कुनै एक वा अलग अलग बैंकलाई यस सम्वन्धी कार्यको जिम्मेवारी प्रदान गर्न सक्ने व्यवस्था छ । सामाजिक सुरक्षा सञ्चालन कार्यविधि, २०७२ को दफा २२(ख) वमोजिम बैंकिङ सुविधा भएमा बैंक मार्फत भत्ता वितरण गरिनुपर्ने व्यवस्था छ । गाँउपालिकाले प्रथम र दोस्रो चौमासिक भत्ता वितरण सोझै लाभग्राहीलाई वितरण गरेकोमा तेस्रो चौमासिकमा ५ वटा वडा को लागि ३ जना वडा सचिवको नाममा कोष तथा लेखा नियन्त्रक कार्यालयले सोझै रु.१६५५१६०० सम्वन्धित सचिवले लाभग्राहीको खातामा रकम जम्मा गरेर आवस्यक कागजात सहित पेश्की फछ्यौंट गरी बाँकी रहेको रकम को ले नि का फिर्ता भएको छ ।

८१. **डीपीआर खर्च —** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| **गो भौ नं** | **परामर्शदाता** | **कार्य विवरण** | **लागत अनुमान** | **भुक्तानी रकम** | **प्रतिवेदनको विद्यमान अवस्था** |
|---|---|---|---|---|---|
| २०१/०७७.३.७ | विषज कन्सट्रक्सन एण्ड कन्सल्टेन्सी | च्यालबाटो मोटरयवल पुल | ३००१०० | २९४९३० | प्रतिवेदन तयारीमात्र |
| ३२१/०७७.३.३० | पीसो कन्सन्ट्यान्ट | तातोपानी धारा डि पि आर | | ७२३२०० | प्रतिवेदन तयारीमात्र |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक

| | | |
|---|---|---|
| | जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।साथै तयार गरिएका प्रतिवेदन जिन्सी दाखिला गरी आम्दानी बाँधेको प्रमाण पेश भएको छैन । | |
| ८२. | **पेश्की बाँकीः** आर्थिक कार्यविधि नियमावली,२०७६ को नियम ७३(३) मा आर्थिक वर्षको अन्त्य सम्ममा पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था रहेकोमा देहाय अनुसार फछ्र्यौट गर्न बाँकी पेश्की देखिएको रु. | ६६,४५,००० |

| क.स. | पेश्की लिने व्यक्ती, फर्म वा कम्पनीको नाम | चालु आ. व. | | |
|---|---|---|---|---|
| | | म्याद ननाघेको | फछ्र्यौटको अन्तिम म्याद | म्याद नाघेको |
| ३ | सिदार्थ कन्स्ट्रक्सन प्रा.लि. | | ११/०४/२०७६ | ५०,५२,५०० |
| ४ | सिदार्थ कन्स्ट्रक्सन प्रा.लि. | | १२/०३/२०७६ | १५,९२,५०० |
| | जम्मा | ०.०० | | ६६,४५,००० |

| | | |
|---|---|---|
| ८३. | **स्थलगत निरीक्षण** लेखापरीक्षणको सिलसिलामा निम्नानुसारका योजनाहरुको स्थलगत निरीक्षण गरेकोमा देखिएका व्यहोरा निम्नानुसारका रहेकोले आवाश्यक सुधार गरी खर्चको उपयोगिता अभिबृद्धि गर्नुपर्ने देखिएको छ । | |

| क स | योजनाको नाम | देखिएको व्यहोरा |
|---|---|---|
| १. | लिस्तीधारा अगाडि सार्वजनिक घारा शौचालय सोलार हिटर जडान निर्माण | शोलार हिटर जडान भएतापनि सार्वजनिक घारा शौचालय र हिटर संचालनमा रहेको नदेखिएकोमा संचालन कार्यविधि नभएकोले संचालन हुन बाँकी रहेको जनाएको छ । |
| २. | काङ्गलाङ्ग सामूदायिक स्वास्थ्य इकाई बाड नं १ | निर्माण व्यवसायीबाट निर्माण कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएकोमा छत तथा बरण्डाको पनिङ्ग प्लाष्टर चर्केको र पेटीको भाग दवेकोले हल्का क्रयाक देखिएको छ । अत उक्त कार्य मर्मत सम्भार गर्नुपर्ने देखिएको छ । |
| ३. | दुनुवागढीमा पर्खाल निर्माण | उपभोक्ता समितिबाट निर्माण गरी भुक्तानी दिएकोमा करिव १५ मिटर पर्खाल भत्केकोले पून निर्माण गरी सुधार गर्नुपर्ने देखिन्छ । |

| | | |
|---|---|---|
| ८४. | **अनुगमनः** गत वर्षको प्रतिवेदनमा आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, स्रेस्ता पेस नभएको, बैङ्क समायोजन, अग्रिम कर, बढी भुक्तानी, कर वीजक लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन । बेरुजू व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ । | |

अनुसुचि १

# गाँउपालिकाको संचितकोषको विवरण

## २०७६।०७७

प्रदेशः बागमती

(रु हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | | आय | | | | जम्मा आय | | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व वाडफाड | आन्तरीक आय | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ | ६ (२+३+४+५) | ७ | ८ | ९ | १० (७+८+९) | ११ (१+६-१०) |
| १. | भोटेकोशी | सिन्धुपाल्चोक | ६०१४४ | २४०२४६ | ७९२२४ | ० | ७२७१८ | ३९२१८८ | १७५०२६ | १८३३१७ | ७१६६१ | ४३०००४ | २२३२८ |

# बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

अनुसुचि २

## २०७६।७७

(रु हजारमा)

| सि.नं. | जिल्ला | स्थानिय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौ)ट | | | बाङकी बेरुजू | | | वाङकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगति | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कमंचारी | अन्य | जम्मा |
| १ | सिन्धुपाल्चोक | भोटेकोशी | ६० | ३६ | ७०१०२ | ० | ० | ० | ६० | ३६ | ७०१०२ | ४८८ | ३१७० | ५९७९९ | ० | ० | ६२९६९ | ० | ६६४५ | ६६४५ |

# बेरुजुको अध्यावधिक अवस्था

अनुसुचि ३

## २०७६।०७७

(रु हजारमा)

| क स | स्थानिय तह | जिल्ला | गत बर्ष सम्मको बाँकी | समायोजन | सं प को अनुरोध भएको रकम | सम्परीक्षण भएको रकम | कारवाही गर्न बाँकी रकम | गत वर्षको बाँकी | यो बर्षको थप | ५८ औ प्रतिवेदन सम्मको बाँकी | ५८ औ प्रतिवेदन सम्मको बाँकी मध्ये पेश्की |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | भोटेकोशी | सिन्धुपाल्चोक | १२३७८१ | ० | ० | ० | ० | १२३७८१ | ७०१०२ | १९३८८३ | ६६४५ |